## पूर्ण इजलास

**मा.न्या.श्री ताहिर अली अन्सारी, मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.श्री तर्कराज भट्ट,** ०६८-DF-००१६, नापी दर्ता बदर दर्ता, *डम्बरकुमार नेयोहाङङ लिम्बू समेत वि. गंगामाया सेन्दाङ्ग लिम्बू*

थाहा पाएको कुराको निर्धारण दर्ता बदरको दावी लिने पक्षको अनुकूलता वा सुविधाअनुसार हुने नभई सो कुरा प्रत्येक मुद्दाको तथ्य, सम्बन्धित पक्ष वा व्यक्तिले सो दर्ताको तथ्य थाहा पाउन सक्ने घटना, अवस्था र परिस्थितिको विद्यमानताबाट हुने ।

जग्गा पजनीको १७ नं. बमोजिम कुनै जग्गाको दर्ता बदरतर्फ नालिस गर्ने प्रयोजनका लागि वादी या दावीकर्ताले यो यस परिस्थिति र अवस्थाले यस मितिमा सो कुरा थाहा पाएको भन्ने तथ्यलाई प्रथमतः आधार प्रमाणसहित स्थापित गर्न सक्नु पर्दछ । आफ्नो सुविधा र अनुकूलताअनुसार कुनै अमूक मितिमा सम्बन्धित लिखतको नक्कल सारी थाहा पाएको भन्ने देखाई जग्गा पजनीको १७ नं. को हदम्याद समाई जहिलेसुकै पनि दर्ता बदरको दावी लिन नपाइने ।

अन्याय भएको तर वास्तविकता थाहा पाएर पनि निर्धारित समयावधिभित्र कानूनी उपचारप्रति उदासीन रहने व्यक्तिलाई आफूखुशी वा काल्पनिक घटनाक्रम देखाई जहिलेसुकै अदालत प्रवेश गर्न वा नालिस गर्न दिने हदम्यादसम्बन्धी कानूनी व्यवस्थाको उद्देश्य नहुने ।

इजलास अधिकृतः विदुर कोइराला
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६९ साल जेठ ४ गते रोज ५ शुभम् ।

- यसै लगाउको ०६८-DF-००१५, लिखत बदर, *डम्बरकुमार नेयोङहाङ लिम्बू समेत वि. गंगामाया सेन्दाङ्ग लिम्बू समेत*

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** ०६६-CI-०१४३, लेनदेन, *निम्बस मार्केटिङ्का तर्फबाट आनन्दकुमार अग्रवाल वि. हरिबहादुर खत्री*

प्रतिवादीले पेश गरेको बिल नं. ०१९ र ०६३ को क्रमशः रू. ६८,८००।- र रू. ५२,५३७।- को बिल भरपाई सद्दे साँचो हो भनी वादीले स्वीकार गरी अ.बं. ७८ नं. बमोजिम बयान गरेको देखिन्छ । सो बिलबमोजिमको रकम क्रमशः मिति २०६१।५।८ मा रू. ५९,९१६।- र मिति २०६१।५।१४ मा रू. ५०,०००।- बुझाएको भनी प्रतिवादीले Money Receipt पेश गरेको देखिन्छ । सो बुझाएको रकमलाई वादीले पछिल्लो कारोवारको रकम भने तापनि अघिल्लो बिलको रकम बाँकी राखी पछाडिको कारोवारबापत प्रतिवादीले रकम बुझाएको र वादीले पनि पछिल्लो कारोवारबापतको रकम बुझी अघिल्लो कारोवारको बाँकी नै राखी पछिल्लो कारोवारबापतको रकम वादी प्रतिवादीले लिनु दिनु गरे होलान् भनी मान्नु व्यापारिक कारोवारमा स्वाभाविक नदेखिने ।

वादीले दावी गरेको विल नं. १०७ को रू. २७,७०५।- बिल नं. १०४ को भुक्तानी दिँदा साथै दिएको भनी प्रतिवादीले पेश गरेको Money Receipt लाई वादीले अन्यथा नभनी स्वीकारै गरेको र बिल नं. ०१९ र ०६३ बापतको रकममध्ये रू. १,०९,९१६।- समेत प्रतिवादीले बुझाई सकेको देखिएको हुँदा वादीले प्रतिवादीबाट रू. १,२१,३३७।- भराई पाउने ठहर गरेको शुरूको फैसला केही उल्टी गरी रू. ११,४२१।- मात्रै वादीले प्रतिवादीबाट भराई पाउने ।

इजलास अधिकृतः विदुर कोइराला
कम्प्युटरः शारदा तिमल्सेना
इति संवत् २०६९ साल भदौ २१ गते रोज ५ शुभम् ।

२

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-CI-०२२६, लेनदेन, *राधेश्याम भट्ट वि. मायादेवी भट्ट*

प्रचलित कानूनबमोजिम रजिष्ट्रेशन पारीत गर्नुपर्ने कुनै पनि लिखत खडा गर्दा सो लिखतमा कुनै मूल्य वा रकम उल्लेख हुँदैमा लिखतका कारणीहरू बीच सो लिखतबमोजिमको रकम लिनुदिनु नै भएको भनी सर्वथा अर्थ र अनुमान गर्न नसकिने ।

मालपोत कार्यालयमा रजिष्ट्रेशन पारीत गर्ने क्रममा कुनै लिखत खडा भई सम्बन्धित व्यक्तिले सहिछाप नै गरे पनि अधिकारप्राप्त अधिकारीको सामुन्ने

वा घरसारमा उक्त लिखतको रकम लिनुदिनु भएको भन्ने प्रमाणित नभएसम्म त्यस्तो लिखतमा रकम उल्लेख भएको मात्र कारणले कारणीहरूबीच रकम लिनुदिनु भएको मान्न सामान्यतः न्यायोचित नहुने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६९ साल भदौ २१ गते रोज ५ शुभम् ।

३

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-CI-०३१०, लेनदेन, *रामदेव खिरहरि वि. राजेश्वर सुरैत*

फिराद दर्ता गर्न पाउने अन्तिम हदम्याद मिति २०६३।५।२२ नै भए पनि सो दिन सार्वजनिक बिदा भएपछि त्यसको भोलिपल्ट अड्डा खुलेको पहिलो दिन अर्थात् २०६३।५।२३ मा प्रस्तुत फिराद दर्ता भएको अवस्था हुँदा वादीको फिराद पत्र हदम्याद विहीन भन्न नमिल्ने ।

वादीको फिराद दावी हदम्यादभित्रैको देखिएको र मिति २०५३।५।२३ को लिखतबमोजिमको रकम वादीबाट प्रतिवादीले लिएको समेत देखिँदा वादीले फिराद दावीबमोजिमको साँवा व्याज प्रतिवादीबाट भराई पाउने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः शारदा तिमल्सेना

इति संवत् २०६९ साल भदौ २१ गते रोज ५ शुभम् ।

४

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** ०६६-CI-१२०५, लिखत दर्ता बदर दर्ता, *जसोदा तेलीन वि. रसिदनी मियाइन*

एकासगोलमा रहेका बाबु जहरत मियाँले सगोलमै रहेका छोरा मदन मियाँलाई बकसपत्र पारीत गरिदिएको कारणबाट विवादित सम्पत्तिको सगोलीय चरित्र र प्रकृतिमा कुनै भिन्नता आउने अवस्था रहँदैन । आमाले कन्या छोरीलाई सम्पत्ति हस्तान्तरणको लिखत गरे पनि बुहारीको निमित्त सम्पत्ति परिवारदेखि बाहिर गएको मान्नुपर्ने अवस्था नहुने भनी यस अदालतको वृहद् पूर्ण इजलासबाट सिद्धान्त प्रतिपादन भएको (*नेकाप* २०३६, नि.नं. १२४१ पृष्ठ ६५) देखिँदा त्यस्तो लिखत बदर गराइरहनु पर्ने अवस्था समेत नहुने ।

विवादित सम्पत्ति सगोलको होइन भन्ने कुराको प्रमाण दिई प्रतिवादीले अन्यथा प्रमाणित गराउन नसकेबाट विवादित घर जग्गामा वादीको समेत अंश हक निहित रहेको मान्नु पर्ने ।

इजलास अधिकृतः नारायण सुवेदी

इति संवत् २०६९ साल साउन २८ गते रोज १ शुभम् ।

५

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** फौ.पु.नं. ०६६-CR-०१७८, जवर्जस्ती करणी, *नेपाल सरकार वि. श्यामलाल खनाल*

जाहेरवाली घटनाको प्रत्यक्षदर्शी नभई पीडित भनिएकी क कुमारीले भनेको आधारमा प्रतिवादीउपर पोल गरी जाहेरी दिएको भन्ने देखिन्छ । पीडित भनिएकी निज क कुमारीले मौकामा गरेको कागजमा आफूउपर जवर्जस्ती करणी भएको भने पनि अदालतसमक्ष बकपत्र गर्दा वारदातको दिन प्रतिवादी आफ्नो घरमा नआएको र आफूलाई जवर्जस्ती करणी गरेको होइन भन्ने व्यहोरा लेखाएको पाइन्छ । साथै आफ्नो योनीमा समय समयमा घाउ आउने गरेको भन्ने पनि उल्लेख गरेको पाइन्छ । त्यस्तै जाहेरवालीले अदालतमा बकपत्र गर्दा जाहेरीको समर्थन नगरी उल्टै झूट्टा जाहेरी दिएको भनी व्यहोरा लेखाएको देखिन्छ । प्रतिवादीले कसूरमा इन्कार रही बयान गरी सोको समर्थनमा साक्षी बकपत्र गराएको देखिन्छ भने वादी पक्षका मुख्य गवाहका रूपमा रहेका जाहेरवाली र पीडित भनिएकी क कुमारीले मौकामा दिएको जाहेरी र कागज खण्डित हुने गरी अदालतमा बकपत्र गरेबाट अभियोग दावी स्थापित हुन नसक्ने ।

इति संवत् २०६९ साल साउन २८ गते रोज १ शुभम् ।

६

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** फौ.पु.नं. ०६६-CR-०४११, कर्तव्य ज्यान, *नेपाल सरकार वि. राजुकुमार तिमिल्सिना समेत*

प्रतिवादीहरूको कुटपीटबाट मृतकको घाँटीको हड्डी भाँचिएको भन्ने अभियोग दावी रहेको भए पनि प्रतिवादीहरूले मृतकलाई कुटेको देख्ने प्रत्यक्षदर्शी साक्षी कोही पनि रहेको देखिँदैन । प्रतिवादीहरूले अनुसन्धान अधिकारी र अदालतमा बयान गर्दा मृतकलाई कुटपीट गरेको होइन भनी कसूरमा इन्कार भई बयान गरेको

देखिन्छ। निजहरूले आफ्नो बयानको समर्थनमा साक्षी बकपत्र गराएको अवस्था पनि छ। जाहेरवाला मृतकको भाई भएको र दिदीको मृत्युको खबर सुनी बारादेखि हेटौंडा आई शंकाको भरमा जाहेरी दिएको देखिन्छ। मौकामा कागज गर्ने बलराम धिताल समेतका मानिसहरूले अदालतमा बकपत्र गरेको देखिए पनि प्रत्यक्ष देखेको वा थाहा पाएको कुरा लेखाएको नभई शंका र अनुमानसम्म व्यक्त गरेको देखिन आउँछ। मृतकको ३ वर्षकी छोरी सुस्मिताले अनुसन्धानको क्रममा बाबाले ममीलाई घाँटी थिच्नु भएको, घरमा कोही छैन, ममीलाई देखिन, घाँटी थिचेको होइन, जस्तो अस्पष्ट व्यहोरा लेखाएको देखिए पनि बोलिसम्म पनि राम्रोसँग नफुटेको त्यस्तो बच्चाले लेखाएको उक्त भनाई विश्वसनीय हुन नसक्ने।

फौजदारी मुद्दामा कसूर प्रमाणित गर्ने भार वादी पक्षमा रहने भनी प्रमाण ऐन, २०३१ को दफा २५ मा उल्लेख भएको देखिन्छ। कर्तव्य ज्यान, जस्तो गम्भीर प्रकृतिको अपराधको कसूरदार ठहर गर्नको लागि ठोस र वस्तुनिष्ठ प्रमाणको विद्यमानता रहनु अनिवार्य हुन्छ। शंका र अनुमानको भरमा मात्रै कसैलाई दोषी ठहर गर्नु फौजदारी न्यायको मान्य सिद्धान्तअनुकूल हुन सक्तैन। पुनरावेदक वादी पक्षले शंकासम्म व्यक्त गरे पनि ठोस प्रमाणबाट आफ्नो दावी र जिकीरलाई पुष्टि गर्न सकेको नपाइएकोले प्रतिवादीहरूलाई सफाइ हुने।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६९ साल साउन २८ गते रोज १ शुभम्।

७

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** फौ.पु.नं. ०६४-CR-०४१३, ०५३६, ०००१, ठगी, *नेपाल सरकार वि. बेखाराज शाक्य समेत, बेखाराज शाक्य समेत वि. नेपाल सरकार, दलबहादुर लिम्बू वि. नेपाल सरकार*

ठगी गरिएको भनिएको लिखतमा नै ६ लाख मूल्य उल्लेख भएकोमा १२ लाख मूल्य तिर्ने गरी कारोवार भएको भन्ने भनाई प्रतीतलायक देखिँदैन। त्यस्तै जग्गाधनी मालपोत अधिकृत र कर्मचारी बनी आउने सम्पूर्ण व्यक्तिहरू जाहेरवालाको पतिलाई ठग्नकै लागि नक्कली हैसियतमा आएको र कागजात समेत नक्कली तयार पारेको स्थितिमा राजश्व तिरिएको रकम समेत सरकारी कोषमा जम्मा गर्नुपर्ने नभई ठगी गरिने रकम नै भएको कुरा प्रतिवादीहरूलाई पहिले नै थाहा जानकारी हुने स्थितिमा तय भएको मूल्य भन्दा कम रकम लिखतमा उल्लेख गर्नुपर्ने कुनै कारण पनि देखिन आउँदैन। बिगो बरामद समेत हुन नसकेको यस स्थितिमा लिखतमा उल्लेख भएको मूल्य तथा बैंकबाट भुक्तानी भै गएको रकमलाई बिगो कायम गर्ने आधार बनाइनु पर्ने।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६९ साल साउन १४ गते रोज १ शुभम्।

- यसै लगाउको फौ.पु.नं. ०६७-CR-०५५५, ०५५६, सरकारी छाप दस्तखत कीर्ते *नेपाल सरकार वि. विकासमान प्रधान समेत, बेखाराज शाक्य वि. नेपाल सरकार* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

८

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** फौ.पु.नं. २०६६-CR-०५४४, भ्रष्टाचार, *बाबुराम पौडेल वि. नेपाल सरकार*

प्रतिवादीको विवादित शैक्षिक योग्यतासम्बन्धी प्रमाणपत्रहरूका सम्बन्धमा २०५५ सालमा नै अभियोजन पक्षलाई जानकारी भई अनुसन्धान प्रारम्भ भएको देखिन्छ। तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क मा भएको कानूनी व्यवस्थाअनुसार अनुसन्धानको कारवाही शुरू भएको मितिले २ वर्षभित्र मुद्दा दायर गर्नुपर्ने देखिन्छ। प्रस्तुत मुद्दामा २०५५ सालमा नै विशेष प्रहरी विभागले अनुसन्धान प्रारम्भ गरेकोमा मिति २०५८।११।१५ मा मात्र आरोपपत्र दायर भएको देखिन आयो। यसबाट तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क मा उल्लिखित हदम्यादभित्र अभियोगपत्र दायर भएको नदेखिएकोले हदम्याद नाघी दायर भएको आरोपपत्रबाट मुद्दाको तथ्यभित्र प्रवेश गरी इन्साफ गर्न नमिल्ने।

इजलास अधिकृतः कृष्णमुरारी शिवाकोटी
कम्प्युटरः विकेश गुरागाई
इति संवत् २०६९ साल साउन ३० गते रोज ३ शुभम्।

९

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** फौ.पु.नं. २०६६-CR-०८१२, भ्रष्टाचार, *नेपाल सरकार वि. राजेन्द्रप्रसाद साह कानू*

भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क मा विभागीय कारवाही नभएकोमा अनुसन्धानको कारवाही शुरू भएको मितिले २ वर्षको हदम्याद हुने व्यवस्था गरिएको देखिन्छ । प्रतिवादीको शैक्षिक योग्यताको प्रमाणपत्र छानबीन गर्न मिति २०६५।२।२३ मा अनुसन्धान अधिकृत तोकी अनुसन्धान प्रारम्भ गरी मिति २०६६।३।२८ मा आरोपपत्र दायर गरेको देखिएकोले हदम्याद नाघी दर्ता भएको भन्ने आधारमा अभियोग खारेज गर्न नमिल्ने हुँदा अब जो जे बुझ्नुपर्ने हो बुझी ठहरेबमोजिम निर्णय गर्नु भनी उपस्थित पक्षलाई तारिख तोकी मिसिल विशेष अदालत, काठमाडौंमा पठाई दिने ।

इजलास अधिकृतः कृष्णमुरारी शिवाकोटी

इति संवत् २०६९ साल साउन ३० गते रोज ३ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६-CI-०१४९, ०१५१, निर्णय बदर, *प्रकाशमान शाक्य समेत वि. रत्नमाया शाक्य समेत, रत्नमाया शाक्य समेत वि.केशरी शाक्य*

पुनरावेदक वादी र प्रत्यर्थी प्रतिवादी समेतले विवादित कि.नं. ७३ समेतका जग्गाको साविक भिन्न-भिन्न मौजा र हा.नं. उल्लेख गरी आ-आफ्नो हक दावी देखाई जग्गा दर्ता गर्न माग गरेको देखिँदा विवादित कि.नं. ७३ को जग्गाका सम्बन्धमा समेत हक बेहकको प्रश्न उठी सबूद प्रमाणको मूल्याङ्कन गरी निर्णय गर्नुपर्ने देखिन आयो । मालपोत ऐन, २०३४ ले यस्तो हक बेहकको प्रश्नमा निर्णय गर्ने अधिकार मालपोत कार्यालयलाई दिएको देखिँदैन । यस्तो अवस्थामा विवादित कि.नं. ७३ को जग्गाको सम्बन्धमा समेत हक बेहकको निरूपण गरी जग्गा दर्ता गर्ने अधिकार मालपोत कार्यालयको नभई हक बेहकमा नालिस गर्न जानु भनी सुनाई दिनुपर्नेमा सो नगरी विवादित जग्गा प्रत्यर्थी प्रतिवादी रत्नमाया शाक्य, केदारमान शाक्य, ज्ञानी राजा शाक्य, नानी शाक्य र भाजुरत्न शाक्य समेतका नाममा दर्ता गर्ने गरेको शुरू मालपोत कार्यालयको मिति २०६४।३।३२ को निर्णय अधिकारक्षेत्रको अभावमा त्रुटिपूर्ण देखिन आयो । यस्तो त्रुटिपूर्ण निर्णय न्यायको रोहमा कायम रहन नसक्ने हुँदा सो निर्णय बदर गरी उक्त जग्गाको हक बेहकमा नालिस गर्न जानु भनी प्रस्तुत मुद्दाका दुबै पक्षलाई निर्णय सुनाई दिनुपर्ने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६८ साल फागुन ३ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको दे.पु.नं. १०९७, फैसला बदर, *हरेराम ढुंगाना समेत वि. गोपाल ढुंगाना समेत*

प्रतिवादीहरू गोपाल ढुंगाना र पदमबहादुर ढुंगाना समान पुस्ताका अंशियार भएको र यी पुनरावेदकहरू पछिल्लो पुस्ताका नाताका भएको देखिएको अवस्थामा समान पुस्ताको अंशियारहरूबीचमा परेको अंश मुद्दा र सोही अंश मुद्दाको जरीयाबाट उठेको अंश दपोट मुद्दाको परिणामस्वरूप प्रतिवादी गोपाल ढुंगानाले विवादित जग्गाबाट २ भागको १ भाग अंश पाउने ठहरेको कारणबाट यी पुनरावेदक वादीहरूको हक अधिकारमा असर परेको भन्न मिल्ने अवस्था देखिन आएन । यस्तो अवस्थामा तल्लो पुस्ताका यी पुनरावेदकहरूले माथिल्लो पुस्ताका समान अंशियारहरूका बीचमा चलेको अंश दपोट मुद्दामा भएको फैसला बदर गराउन मिल्ने अवस्थाको विद्यमानता देखिएन । तसर्थ तह-तह फैसला भई अन्तिम भएर रहेको उल्लिखित अंश दपोट मुद्दाबाट हाम्रो अंश हकमा प्रत्यक्ष आघात पुगेको हुँदा उक्त फैसला बदर गरिपाऊँ भन्ने पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६८ साल फागुन ३ गते रोज ४ शुभम् ।

- यसै लगाउको २०६७ सालको दे.पु.नं. १०९८, पारीत बण्डाअनुसारको जग्गा दिलाई पाऊँ, *हरेराम ढुंगाना समेत वि. गोपाल ढुंगाना समेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।*

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६७ सालको WO-०२४१, उत्प्रेषण परमादेश समेत, *उमेशप्रसाद वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

आयुर्वेद विभागले १० जुन, २००८ मा यी निवेदकलाई निजको मागबमोजिम अध्ययन गर्ने अनुमति प्रदान गरी निवेदक काठमाडौं स्कूल अफ लमा LLM तहमा भर्ना भई अध्ययनरत् रहेको देखिनुका साथै अध्ययनको लागि अनुकूल हुने गरी निवेदकको सरूवा मिति २०६७।१।६ को स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्णयबमोजिम नरदेवी आयुर्वेद औषधालय, काठमाडौंमा भएको भन्ने पत्र विपक्षी आयुर्वेद विभागबाट २०६७।१।१४ मा जारी भइसकेपछि आफैंले दिएको अध्ययन अनुमति र सरूवा पत्रविपरीत हुने गरी मिति २०६७।५।६ मा सरूवा भएको चार महिनापछि निवेदकको सरूवा नै नभएको भनी पुनः अर्को पत्र जारी भएको देखिँदा एउटा निकायले यी निवेदिकाको हकमा मिति २०६७।१।१४ र २०६७।५।६ मा सरूवा सम्बन्धमा दुई किसिमको पत्र जारी गरेको देखिन्छ। आयुर्वेद विभागबाट जारी भएको निवेदकका नामको मिति २०६७।१।१४ को सरूवासम्बन्धी पत्र बदर भएको भन्ने विपक्षीहरूको भनाई नरहेको अवस्थामा यथावत् कायमै रहेको आफैंले जारी गरेको मिति २०६७।१।१४ को सरूवा पत्र विपरीत हुने गरी यी निवेदकको सरूवा नै नभएको भनी विपक्षी आयुर्वेद विभागबाट जारी भएको मिति २०६७।५।६ को पत्र कानूनअनुरूप नदेखिने।

निवेदकले विपक्षी आयुर्वेद विभागबाट अनुमति लिई काठमाडौं स्कूल अफ लमा LLM तहमा अध्ययनरत् रहेको देखिएको र निवेदकलाई सो अध्ययनअनुकूल हुने गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६७।१।६ निर्णयबमोजिम जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र दोलखाबाट नरदेवी आयुर्वेद औषधालय, काठमाडौंमा सरूवा गरिएको भनी जारी भएको मिति २०६७।१।१४ को पत्र बदर नभई यथावत् कायम रहेको अवस्थामा उक्त सरूवापत्रको विपरीत हुने गरी निवेदक अध्ययनरत् शैक्षिक सत्रलाई समेत असर पर्ने गरी निवेदकको सरूवा नै नभएको भनी जारी भएको आयुर्वेद विभागको मिति २०६७।५।६ च.नं. १३६ को पत्र कानूनअनुरूप जारी भएको नदेखिएकोले उत्प्रेषणद्वारा बदर गरिदिएको छ। मिति २०६७।१।१४ को सरूवा पत्रबमोजिम निवेदकको पदाधिकार नरदेवी आयुर्वेद औषधालय, काठमाडौंमा कायम गरी निजलाई यथावत् सो अस्पतालमा हाजिर गराई कामकाज गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेश समेत जारी हुने।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६९ बैशाख १० गते रोज १ शुभम्।

४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६८ सालको WO-००२८, उत्प्रेषणयुक्त परमादेश समेत, *दिनेश चौधरी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकले अन्तरिम आदेश समेतको माग लिएकोमा उक्त मिति २०६८।४।२ को राजपत्रको सूचना र सो सम्बन्धमा भएको नेपाल सरकार (मन्त्रिपरिषद्) को २०६८।३।२२ को निर्णय प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षीहरूको नाममा मिति २०६८।४।१३ मा अन्तरिम आदेश जारी भई यी निवेदक साविकबमोजिम नै बहाल रहेको आफ्नो अध्यक्ष पदमा कार्यरत् रहेकोमा मनोनयन मिति २०६६।९।२९ बाट निजको २ वर्षे पदावधि मिति २०६८।९।२८ मा समाप्त भई यी निवेदकलाई सगरमाथा अञ्चल अस्पताल विकास समिति (गठन) आदेश २०४५ को दफा ३.३ बमोजिम प्राप्त उक्त अध्यक्ष पदमा रहने कानूनी अधिकार Statutory Right निजले पूर्ण रूपमा उपभोग गरिसकेको देखियो। यसरी यस अदालतको मिति २०६८।४।१३।६ मा भएको अन्तरिम आदेशबमोजिम यी निवेदकलाई कानूनबमोजिम प्राप्त २ वर्षे कार्यकाल समाप्त भई औचित्यहीन भइसकेको प्रस्तुत निवेदनसम्बन्धमा थप विचार गरिरनु नपर्ने हुँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६९ साल बैशाख १० गते रोज १ शुभम्।

५

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६७ सालको WO-०४०५, उत्प्रेषण परमादेश समेत, *चन्द्रभूषणकुमार सिँह वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

निवेदकले मनाउ आयुर्वेद औषधालय, बर्दियामा रही स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २१(३) बमोजिम काम गर्नुपर्ने न्यूनतम् सेवा अवधि नपुगेको भन्ने आधारमा मिति २०६७।१।६ मा यी निवेदकलाई उक्त मनाउ आयुर्वेद औषधालय, बर्दियाबाट जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र पर्सामा सरूवा गर्ने गरेको निर्णय बदर गरी निवेदकलाई साविक मनाउ आयुर्वेद औषधालय बर्दियामा नै फिर्ता पठाउने गरी भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६७।५।२९ को निर्णयमा कुनै कानूनी त्रुटि नदेखिएकोले निवेदकको मागबमोजिमको आदेश जारी हुने अवस्थाको विद्यमानता नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६९ साल बैशाख १० गते रोज १ शुभम् ।

- यसै लगाउको २०६७ सालको WO-०५४७, उत्प्रेषण परमादेश समेत, *हरिओमप्रसाद जैसवाल वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

६

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६७ सालको WO-०४०६, उत्प्रेषण परमादेश समेत, *मधुसुदन लोहनी वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

निवेदकलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६७।१।६ को निर्णयअनुरूप विशंखुनारायाण आयुर्वेद औषधालय, ललितपुरबाट कीर्तिपुर आयुर्वेद औषधालय काठमाडौंमा सरूवा गरिएकोमा सो स्थानमा सरूवा भएको ६ महिना व्यतीत नहुँदै सो स्थानमा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २१ मा उल्लिखित २ वर्षको अवधि नपुगी निवेदकलाई पुनः आयुर्वेद विभागको मिति २०६७।६।१५ को निर्णयबाट खनायोखर्क आयुर्वेद औषधालय, नुवाकोटमा सरूवा गरिएको भन्ने कुरालाई विपक्षी तर्फबाट पनि स्वीकार गरेकै देखिन्छ । यसरी सरूवा भएको स्थानमा अवधि नपुग्दै निवेदकलाई पुनः मिति २०६७।६।१५ मा सरूवा गर्दा स्वास्थ्य सेवा ऐनको दफा २२ को क देखि घ मा उल्लिखित कुनै अवस्था विद्यमान रहेको कारण निवेदकको सरूवा गर्नु परेको भन्ने व्यहोरा सरूवासम्बन्धी उक्त निर्णयमा उल्लेख भएको पाइँदैन । स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २२ मा उल्लिखित कानूनी व्यवस्था स्वास्थ्य सेवामा कार्यरत् कुनै पनि कर्मचारीलाई अवधि नपुगी सरूवा गर्नुपर्ने अवस्थामा सरूवा गर्ने अधिकारी वा निकायले अनिवार्यरूपमा पालना गर्नुपर्ने ।

आयुर्वेद विभागले यी निवेदकलाई कीर्तिपुर आयुर्वेद औषधालय, काठमाडौंबाट खनायोखर्क आयुर्वेद औषधालय, नुवाकोटमा सरूवा गर्ने गरी गरेको मिति २०६७।६।१५ को निर्णय स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २२ को पालना नगरी भएको देखिएकोले उत्प्रेषणको आदेशद्वारा बदर हुन्छ । साथै निवेदकलाई स्वास्थ्य तथा जनसँख्या मन्त्रालयको मिति २०६७।१।६ को निर्णयानुसार सरूवा भएको स्थान कीर्तिपुर आयुर्वेद औषधालय, काठमाडौंमा निजको पदाधिकार यथावत् कायम राखी नियमानुसार कामकाज गर्नु, गराउनू भनी विपक्षीहरूका नाममा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६९ साल बैशाख १० गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६७ सालको RC-०१०९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. दिलमाया राई समेत*

प्रतिवादी दिलमाया राईउपर स्वयं निजको मामाबाट परेको किटानी जाहेरी दरखास्त, अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष कसूरमा सावित भई निज प्रतिवादी दिलमाया राईले गरेको बयानलाई घटनास्थल, लास जाँच प्रकृति मुचुल्का र हँसिया बरामद भएको मुचुल्का एवं पोष्टमार्टम रिपोर्ट समेतले पुष्टि गरी रहेको अवस्थामा निज प्रतिवादी दिलमाया राईलाई अभियोग दावीअनुरूप मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।

मुलुकी ऐनमा मिति २०५९।६।१० मा भएको ११ औं संशोधनबाट ज्यानसम्बन्धी महलमा थप भएको दफा २८(ख)(१) ले गर्भ बोक्ने महिलाको मञ्जूरीले

बाह्र हप्तासम्मको गर्भपतन गरेकोमा कुनै सजाय नहुने कानूनी व्यवस्था रहेकोमा उक्त कानूनी व्यवस्थाअनुरूप यी प्रतिवादी दिलमाया राईले त्यस्तो अनिच्छित गर्भपतन गराउन सक्नेमा ग्रामीण भेगमा बस्ने महिला भएको कारण त्यस्तो कानूनी व्यवस्थाको अज्ञानता तथा गर्भपतन गराउने स्वास्थ्यकर्मीसम्मका पहुँचको अभावमा अनिच्छित गर्भपतन गराउन नसकेको कारण गर्भ पूर्ण रूपमा विकसित भई बच्चा जन्माई कर्तव्य गरी मारी फाल्नुपर्ने भन्ने देखिनुका साथै निज फरार प्रतिवादी दीपक सुब्बासँगको विवाह पूर्वको सम्बन्धबाट रहन गएको गर्भ गर्भपतन गराएपछि विवाह गर्नेछु भनी निजले यी प्रतिवादी दिलमाया राईसँग सम्बन्ध कायम राख्न गरेको शर्तयुक्त दवाव र प्रभावमा परी कसूर गरेको भन्ने देखियो । सो अवस्था समेतलाई विचार गर्दा निज प्रतिवादी दिलमाया राईलाई सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्ने देखिएकोले अ.बं. १८८ नं. बमोजिम निजलाई ७ वर्ष कैद हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६९ साल बैशाख १५ गते रोज शुभम् ।

८

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६४-WO-०६८३, उत्प्रेषण समेत, *पूर्णबहादुर पुतुवार वि. भूमिसुधार कार्यालय, काठमाडौं समेत*

विवादित कि.नं. ४१ को जग्गा बाँडफाँड गरिपाऊँ भनी दिएको निवेदनमा जग्गा बाँडफाँड गर्न नपर्ने गरी विपक्षी भूमिसुधार कार्यालयबाट भएको निर्णय बदर गरिपाऊँ भन्ने मुख्य जिकीर लिएको देखिन्छ । यसरी उल्लिखित मोही लगत कट्टाको विवाद र प्रस्तुत रिट निवेदनको विवादको मुख्य विषय विवादित कि.नं. ४१ को जग्गाको मोही लगत कट्टा गर्ने विषयसँग सम्बन्धित देखिन आयो । यसरी एउटै विवादको विषयमा अदालतको साधारण अधिकारक्षेत्रअन्तर्गत तथ्य र प्रमाणको विवेचना गरी भएको फैसलामा यस अदालतबाट मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान गर्न नमिल्ने गरी निर्णय भई अन्तिम भइसकेको अवस्थामा असाधारण अधिकारक्षेत्रअन्तर्गत सोही विवादित विषयको प्रस्तुत रिट निवेदनको तथ्यभित्र प्रवेश गरी थप विचार गरिरहनु पर्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६९ साल बैशाख १८ गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६४-CI-०८७५, अंश चलन, *ख्वाजा महमद शाहको मु.स. गर्ने फिरोज वानु शाह वि. ख्वाजा मोहजोम शाह समेत*

वादी र प्रत्यर्थी प्रतिवादीहरूका बीचमा नातामा विवाद देखिएको छैन । वादीले अंश लिएको छैन भन्ने दावी लिएकोमा सोको प्रतिवादस्वरूप प्रतिवादीबाट प्रस्तुत मिति २००२।१२।१६ को पारीत बण्डापत्रमा पुनरावेदिका फिरोज वानु शाहका पति ख्वाजा महमद शाहले नै अंशबापत नगद रकम बुझी अचल सम्पत्तिमा दावी छाडी दिएको देखिन्छ । उक्त बण्डापत्रमा अचल सम्पत्तिमा दावी छाड्नुको कारण घरजग्गा टुक्राटुक्रा हुने व्यहोरा उल्लेख भएको पाइन्छ । वादीका पति र प्रतिवादीबीच भएको बण्डापत्रको लिखतको अस्तित्व यथावत् रहेको र बदर वातिल नभएको अवस्थामा अदालतले अन्यथा भनी प्रमाणयोग्य नरहेको मान्न मिल्ने अवस्था नदेखिँदा वादी प्रतिवादीबीच अंशबण्डा भइसकेको देखिएको अवस्थामा प्रतिवादीहरूबाट अंश छुट्याई चलन समेत पाऊँ भन्ने समेतको वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६९ साल बैशाख ३१ गते रोज १ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६४-CI-०८७४, बण्डापत्र लिखत बदर, *ख्वाजा महमद शाहको मु.स. गर्ने फिरोज वानु शाह वि. ख्वाजा मोहजोम शाह समेत*
- २०६४-CI-०८७६, हक कायम समेत, *ख्वाजा महमद शाहको मु.स. गर्ने फिरोज वानु शाह वि. ख्वाजा मोहजोम शाह समेत*

**इजलास नं. ३**

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५-CI-०१६१, सार्वजनिक बाटो खुलाई चलन चलाईपाऊँ, *मुनेश्वर अहिर समेत वि.लालजी बर्मा बडईको मु.स. गर्ने रवीन्द्रप्रसाद बर्मा*

हुँदै नभएको बाटोलाई सार्वजनिक हो भनी सर्जमीनका अधिकांश व्यक्तिहरूले सार्वजनिक कायम गराइनुपर्ने अन्य युक्तियुक्त कारण वा स्वार्थ समेत केही उल्लेख हुन सकेको पाइँदैन । मिसिल संलग्न २०५९।११।९ को नक्साको विवरण हेर्दा न.नं. २ को जग्गा मन्सुर अहमदको जग्गामा पुगेर बन्द भएको देखिन्छ भने न.नं. १४ र १५ पनि मन्सुर अहमदको जग्गा भन्दा पर पुग्ने देखिन्न । न.नं. २, १४, १५, २० लगायतका प्रतिवादीले बाटो भनेको कुनै पनि जग्गाहरू न.नं. ३९ को मूल सडकमा पुग्ने गरी विस्तार भएको पाइँदैन । न.नं. २ वादीले प्रयोग गरेको गल्ली देखाए पनि सो गल्ली मूल बाटो न.नं. ३९ सम्म पुग्ने भनी कतैबाट पुष्टि भएको देखिन्न । त्यस्तै वादीको उत्तरपट्टि अर्कै मानिसको जग्गा समेत देखिन्छ । पूर्वपपट्टिको न.नं. १४ र १५ पनि गल्ली देखिन्छ । तर सो मूल सडकसम्म पुग्ने भन्ने पनि देखिँदैन । स्वाभाविक र सहज बाटो नभै वादी घरबास गरी बसेको भन्ने अवस्था समेत रहन्न । विवादित जग्गा मिन्हा जग्गा समेत भएको र सर्जमीनले समेत साविकदेखि बाटोको अस्तित्व रहेको देखाइएको यस्तो अवस्थामा न.नं. ३९ को सार्वजनिक मूल सडकमा पुग्नको लागि नक्सामा उल्लेख नं. नं. २५, २८, ३१ र ३३ को जग्गा सार्वजनिक भएको पुष्टि हुने ।

इजलास अधिकृत: विष्णुप्रसाद गौतम
कम्प्युटर: विश्वराज पोखरेल
इति संवत् २०६९ साल बैशाख १२ गते रोज ३ शुभम् ।
यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६५-CI-०१६२, घर भत्काई पाऊँ, *मुनेश्वर अहिर समेत वि.रवीन्द्रप्रसाद वर्मा*
- ०६७-CI-०८५७, करकाप, *मुनेश्वर अहिर समेत वि.रवीन्द्रप्रसाद वर्मा समेत*
- ०६७-CR-०८५८,जालसाजी, *मुनेश्वर अहिर यादव समेत वि.लालजी वर्मा बडईको मु.स. गर्ने रवीन्द्रप्रसाद वर्मा समेत*
- २०६७-CR-०८५९, जालसाजी, *मुनेश्वर अहिर समेत वि. रवीन्द्रप्रसाद वर्मा समेत*

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-CR-१२८९, भ्रष्टाचार, *नेपाल सरकार वि. सुगतरत्न कंसाकार समेत*

नेपाल वायुसेवा निगमका लागि विमान खरीद प्रक्रियामा यी प्रत्यर्थी सुगतरत्न कंसाकार समेतको संलग्नता नभएको भन्न मिल्दैन । यस अवस्थामा वायुसेवा निगमका तर्फबाट विमान खरीद गर्नका लागि भुक्तानी गरिएका रकम आफ्नो लाभको लागि भुक्तानी गरिएको यी प्रत्यर्थी प्रतिवादी सुगतरत्न कंसाकारले आफ्नो लाभको लागि वायुसेवा निगमको ओहदाको दुरूपयोग गरेको, रिसवत वा घूस प्राप्त गरेको तथा व्यक्तिगत लाभ लिएको अवस्था देखिँदैन । निजले Air Bus Company लाई पठाएको बैनाबापतको Lock up money भुक्तानी रकम फिर्ता नहुने भन्ने आधारमा निजउपर भ्रष्टाचार ऐन, २०५९ अन्तर्गतको कसूरमा मुद्दा चलाइएको हो सो रकम नै वायुसेवा निगमको खातामा फिर्ता आएपछि यी प्रत्यर्थी सुगतरत्न कंसाकारले बैनाबापतको Lock up money भुक्तानी गरेको "रकमबाट नेपाल वायुसेवा निगमलाई प्रत्यक्ष नोक्सानी भएको भनी मान्न मिल्ने अवस्था देखिएन । प्रत्यर्थी सुगतरत्न कंसाकारले विमान खरीद प्रयोजनका लागि भुक्तानी गरेको रकम वायुसेवा निगमको खातामा फिर्ता आइसकेको अवस्थामा वायुसेवा निगमलाई नोक्सानी भएको नै विद्यमान नभई निजउपर लगाइएको अभियोजनपक्षको आधार नै बेकायम भएको अवस्थामा निजलाई आरोपत्रबमोजिम सजाय गर्न र अभियोग ठहर गर्नु मनासिब हुने देखिँदैन । अत: विशेष अदालत काठमाडौंबाट निजउपर लगाइएका अभियोगलाई खण्डन हुने गरी निज सुगतरत्न कंसाकारलाई अभियोग दावीबाट सफाइ दिने गरी भएको फैसला कानूनसम्मत् नदेखिने ।

प्रत्यर्थी राजुबहादुर के.सी. गणेश ठाकुर, ज्ञानेन्द्रपुरुष ढकाल, मयुर शम्शेर राणा र केशवराज शर्माको हकमा हेर्दा कार्यकारी अध्यक्षले दिएको आदेश

कार्यान्वयन गर्ने कर्मचारी भएकै कारण यी प्रत्यर्थीहरूउपर मतियारको अभियोग लगाई आरोपपत्र दायर गरेको देखिन्छ । प्रत्यर्थी सुगतरत्न कंसाकारले विमान खरीदका लागि पठाएको Lock up money फिर्ता भइसकेको र फिर्ता भएको रकम नेपाल वायुसेवा निगमको खातामा जम्मा भइसकेको देखिरहेको स्थितिमा प्रत्यर्थी सुगतरत्न कंसाकारको विमान खरीद गर्ने प्रक्रियामा Lock up money पठाएको कार्य बद्नियतपूर्वक पठाएको नदेखिई नेपाल वायुसेवा निगमका लागि असल नियतले पठाएको देखिएको र उक्त रकम फिर्ता भई निगमकै खातामा जम्मा समेत भइसकेको देखिएको आधार प्रमाणबाट प्रत्यर्थी सुगतरत्न कंसाकारले सफाइ पाउने ठहरी भएको विशेष अदालतको फैसला सदर हुने ठहरी फैसला भएकोले यी प्रत्यर्थी प्रतिवादीहरूका हकमा उल्लिखित कार्य गरी मतियारको भूमिका निर्वाह गरेको भन्ने आरोप दावी पुग्न नसक्ने ।

विमान खरीद प्रक्रियाको लागि भुक्तानी गरिएको Lock up money नेपाल वायुसेवा निगमको हिमालयन बैंकस्थित खातामा जम्मा समेत भइसकेको देखिएको र विमान खरीद प्रक्रियामा भुक्तानी भएको रकमबाट प्रत्यर्थी सुगतरत्न कंसाकारले आफू समेतलाई फाइदा हुने गरी कुनै रकम लिए खाएको भन्ने तथ्य पुष्टि गर्ने कुनै प्रमाण अभियोजन पक्षबाट प्रस्तुत भएको अवस्था नहुँदा र नेपाल वायुसेवा निगमको नोक्सानी हुने गरी भ्रष्टाचारको कसूर गरेको प्रमाणित हुने प्रमाणको अभाव हुँदा उल्लिखित आधार प्रमाण समेतबाट प्रत्यर्थी सुगतरत्न कंसाकार तथा अन्य प्रत्यर्थीहरू राजुबहादुर के.सी., गणेश ठाकुर, ज्ञानेन्द्रपुरुष ढकाल, मयुर शम्शेर राणा र केशवराज शर्माले अभियोग दावीबाट सफाइ पाउने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६९ साल वैशाख १२ गते रोज ३ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** ०६५-WO-०५५३, उत्प्रेषण समेत, *दिलमाया गुरुङ भन्ने दिलमाया घले गुरुङ वि. नेपालगञ्ज नगरपालिका कार्यालय, बाँके नेपालगञ्ज समेत*

घर बनाउन नक्सा पास स्वीकृत भैसकेपछि २ वर्षभित्र त्यस्तो भवन निर्माण गर्नुपर्ने र सो म्यादभित्र भवन निर्माण गर्न नसकेमा २ वर्षको लागि भवन निर्माण गर्ने म्याद थप गरिदिन सक्नेछ भन्ने स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६० मा कानूनी व्यवस्था रहेबाट सो नक्सा पास भएको बढीमा चार वर्षपछिसम्म पनि भवन निर्माण नभएमा सो नक्सा पास स्वीकृतिको कानूनी वैधता स्वतः समाप्त हुने देखिन आउँछ । यस कानूनी व्यवस्थाबमोजिम पनि सो नक्सा पासबमोजिम घर निर्माण भै नसकेको भए पनि ४ वर्षपछि स्वतः निष्क्रिय भैनसकेको अवस्थामा असाधारण अधिकारक्षेत्रबाट न्याय निरूपण गर्नुपर्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः चुरामन खड्का
कम्प्युटरः मो. अख्तर अली
इति संवत् २०६९ साल भदौ १९ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** ०६५-WO-०५७०, उत्प्रेषण परमादेश समेत, *कुमारप्रसाद पोखरेल वि. नेपाल वायुसेवा निगम केन्द्रीय कार्यालय समेत*

राजीनामा दिएको केही निश्चित् अवधिभित्र राजीनामा स्वीकृत गर्नुपर्ने र नगरेमा सो राजीनामा आफैं अस्तित्वहीन हुने अवस्था छैन । स्वीकृत गर्नुपर्ने कुनै निश्चित् मितिको किटान वा समयसीमाको निर्धारण नेपाल वायुसेवा निगमको कर्मचारी नियमावलीमा भएको देखिँदैन । व्यवस्थापनको ईच्छाअनुसार जहिले पनि स्वीकृत गर्न मिल्ने देखिन्छ । यसबाट मिति २०६५।६।७ मा दिएको राजीनामा सोही मितिबाटै लागू हुने गरी मिति २०६५।११।९ मा स्वीकृत गरिएको कार्यलाई कानूनी त्रुटिपूर्ण वा अनाधिकृत भन्न नमिल्ने ।

स्वदेशको ध्वजाबाहक एयरलाइन्सको स्थायी पाइलट (क्याप्टेन) ले लुकेर विदेशको एयरलाइन्समा सेवा दिनु, त्यहाँ काम गर्नु निजको पदीय आचरण र नैतिकताविपरीतको कार्य हो । नेपाल वायुसेवा निगमको कर्मचारी सेवा शर्त विनियमावली, २०५८ को पनि विपरीत हो । यस्तो गैरकानूनी काम गर्नेले

संविधानबमोजिमको मौलिक हकको प्रचलनको दावी गर्नु कानून र समन्यायलगायत कुनै पनि मापदण्डबाट तर्कसँगत् र औचित्यपूर्ण देखिन आउँदैन । यस्तो अवस्थामा यी निवेदकको दावी निराधार र निरर्थक देखिन्छ । यस्तो गलत प्रवृत्तिलाई न्यायिक संरक्षणबाट प्रोत्साहन गर्न नमिल्ने ।

बिदा स्वीकृत नगराई आफूखुशी बाहिर गएर बसेको मात्र नभई अनुपस्थित रहेको सोही अवधिमा अन्यत्र यी निवेदकले सेवा गरेको देखिएबाट निगमको कामकारवाहीमा प्रतिकूल असर पुग्न गएको अवस्था पनि गम्भीर रूपमा विचारणीय रहेको छ । यसरी निगमको सांगठनिक कामकारवाहीमा र निगमले प्रदान गर्ने सेवामा समेत प्रतिकूल प्रभाव पर्न सक्ने कुरा समेतलाई विचार गरी निवेदकले स्वेच्छाले दिएको राजीनामा स्वीकृत गरिएबाट यी निवेदकको कुनै संवैधानिक र कानूनी हक हितमा प्रतिकूल असर परेको भन्ने नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः चुरामन खड्का
कम्प्युटरः मो. अख्तर अली
इति संवत् २०६९ साल साउन २३ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** ०६५-WO-००४५, परमादेश समेत, *गणेशबहादुर कार्की, वि. शुक्लाफाँट वन्यजन्तु तथा संरक्षण कार्यालय, कञ्चनपुर मजगाउँ समेत*

तत्काल प्रचलित कानूनी प्रक्रियाबमोजिम सरकारी कामको लागि अधिग्रहण गरी सकिएको जग्गा निवेदकको नाममा दर्ता हुनै नसक्नेमा पनि मालपोत कार्यालयले कानूनविपरीत यी निवेदकको नाममा दर्ता गरिएको जग्गाको स्वामित्व व्यवहारिक र कानूनी रूपमा यी निवेदकका नाममा हस्तान्तरण वा स्थापित भएकै छैन । यस्तो अवस्थामा त्यस्तो दर्ताको आधारमा यी निवेदकले सो जग्गाको मुआब्जा वा क्षतिपूर्तिको दावी गर्न पाउने होइन । मुआब्जा दावी गर्न आउने भनी २०५१ सालको सूचनामार्फत् सार्वजनिक जानकारी गराउँदाको अवस्थामा निजको स्वामित्व कायम नै भएको छैन । अधिग्रहणमा परिसकेको जग्गा व्यक्ति विशेषको नाममा दर्ता भएको काम नै स्वतः गैरकानूनी भन्ने देखिँदा २०५१ सालको सूचनाबमोजिम शुक्लाफाँट वन्यजन्तु आरक्षले अधिग्रहण गरिसकेको जग्गा पछिबाट मिति २०५३ सालमा यी निवेदकको नाममा कानूनविपरीत दर्ता भएको भन्ने आधारमा दावीको जग्गाको मुआब्जा वा सट्टा भर्ना माग गरेको कार्य कानूनअनुरूप नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः चुरामन खड्का
कम्प्युटरः सुदीप पंज्ञानी
इति संवत् २०६९ साल भदौ १९ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** ०६३-WO-०८७६, उत्प्रेषण मिश्रित प्रतिषेध समेत, १०८ *स्वामी भागवतानन्द गिरी वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*

मिति २०६३।८।२२ को निर्णय कुनै अधिकारप्राप्त निकाय वा पदाधिकारीबाट भएको भन्ने देखिँदैन । तत्कालीन अनेक सभासद र अन्य व्यक्ति मिली निर्णय गरेको भन्ने उल्लेख भएको देखिन्छ । त्यस्तो निर्णय भएको भए पनि त्यसको कुनै कानूनी हैसियत नरहने हुनाले त्यस्तो निर्णय बदर गरिरहन पर्ने प्रकृतिको नदेखिने ।

कुन विषयमा कस्तो कानून निर्माण गर्ने हो भन्ने विषय व्यवस्थापकीय अधिकारक्षेत्र (Legislative Domain) भित्र पर्ने विषय हो । विधायिकाले बनाएको कुनै ऐन, नियमको संवैधानिकता सम्बन्धमा उठेको प्रश्नको निरोपण न्यायिक पुनरावलोकनको माध्यमबाट यस अदालतले गर्ने हो । विधायिकाबाट कानून नबन्दै यो यस विषयमा यस्तो कानून नबनाउनु भनी विधायिकाको अधिकारक्षेत्रभित्र अग्रीम हस्तक्षेप हुने गरी अदालतले निर्देशन गर्न वा बोल्न मिल्ने कुरा होइन । यस्तो विषयवस्तुमा अदालतले त्यसको औचित्यभित्र प्रवेश गरी कानून निर्माण गर्नुपूर्व नै विधायिकी कामकारवाहीलाई अदालतले रोक्न मिल्दैन । यसका अतिरिक्त कानून निर्माण गर्ने निकाय संविधानसभा, व्यवस्थापिका संसद मिति २०६९।२।१५ देखि अस्तित्वमा रहेको छैन । यस अवस्थामा निवेदक आश्रमको प्रतिकूल हुने गरी कानून निर्माण हुने भनी निवेदकले लिएको शंका र सम्भावनाको आधार पनि विद्यमान रहेको नदेखिँदा

प्रस्तुत रिट निवेदन भविष्यको कामकारवाहीबाट आफ्नो हकमा असर पर्ने सम्भावनाको आधारमा परेको देखिँदा यसको औचित्यभित्र प्रवेश गरी निर्णय गर्नुपर्ने अवस्था विद्यमान देखिन नआएकोले रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः चुरामन खड्का
कम्प्युटरः मो. अख्तर अली
इति संवत् २०६९ साल साउन २३ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६७-CI-१५१९, मोही नामसारी गरी प्रमाणपत्र पाऊँ, *अजय गिरी वि. रामदयाल राउत*

प्रतिवादी अजय गिरीको जग्गाधनी दर्ता प्रमाणपूर्जामा मोहीको नाम, थर महलमा कुनकुन वरै उल्लेख भएको र निजले अ.बं. १३३ नं. बमोजिम बयान गर्दा मिर्जा हथिहऔल गा.वि.स. वडा नं. ७ कि.नं. १६ को जग्गा निजको नाममा नभई कि.नं. १६० वडा नं. ६ को जग्गा कायम रहेको भन्ने व्यहोरा उल्लेख गरेबाट निजको जग्गाको मोही यी वादीका पिता कुनकुन वरैलाई उक्त जग्गाको मोही होइन भन्न नसकेको अवस्था छैन । केवल कि.नं. १६ र वार्ड नं. ७ को जग्गाको मोही हो भन्नेसम्म जिकीर लिएको व्यहोरा उल्लिखित प्रमाणहरूबाट पुष्टि हुन सकेको पाइएन । किनभने यी प्रतिवादी अजय गिरीका नाममा वार्ड नं. ७ कि.नं. १६ को जग्गा र वार्ड नं. ६ का कि.नं. १६० को जग्गा समेत दुई कित्ता जग्गा दर्ता छैन । वास्तवमा निजको नाममा दर्ता रहेको वार्ड नं. ६ कि.नं. १६० को मोही कुनकुन वरै रहेकोले कुनै लिखतमा वार्ड नं. र कित्ता नम्बर फरक लेखिँदैमा वास्तविक जग्गाबाट मोहीको मोहीयानी हक समाप्त हुँदैन । प्रतिवादीले लिएको राजीनामाको लिखत र निजको दर्ता प्रमाण पूर्जाको मोही महलमा र फिल्डबुक उतारमा समेत मोही महलमा कुनकुन वरै लेखिएकोलाई अन्यथा भन्नुपर्ने देखिन नआएबाट दावीको जग्गामा यी वादीको मोहियानी हक नामसारी हुन नसक्ने भन्न मिल्ने नदेखिने ।

इजलास अधिकृतः नारायणप्रसाद पौडेल
कम्प्युटरः मो.अख्तर अली
इति संवत् २०६९ साल भदौ २९ गते रोज ६ शुभम् ।

६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कमलनारायण दास,** २०६७-CI-०२८६, अंश चलन, *शुभा राई वि. अयुद्धबहादुर राई समेत*

शुभा राईको नाममा केवल जग्गा जमीन दर्ता रहेको भन्ने आधारमा मात्र निजको एकलौटी हुने वा त्यसबाट सगोलका परिवारका अन्य सदस्य वा अंशियारलाई बण्डा नलाग्ने भन्न मिल्दैन । कि.नं. ८१२ को सिंगियाको जग्गा अयुद्धबहादुर राई र शुभा राईको संयुक्त नाममा रहेको देखिन्छ । अन्य जग्गा शुभा राईका नाममा रहेकोसम्म देखिए पनि कुनै पनि लिखत प्रमाणबाट उल्लिखित जग्गाहरू शुभा राईले निजी आम्दानीबाट खरीद गरिलिएको र विपक्षी वादीहरूको बण्डा नलाग्ने सम्पत्ति हुन् भनी ठोस प्रमाणबाट पुष्टि हुन सकेको छैन । बकसपत्रबाट आएको नभई राजीनामाबाट निजका नाममा आएका उल्लिखित सम्पत्तिहरू सगोलमा रहँदा आर्जन गरिएकाले स्वआर्जनको वा स्त्री अंशधनअनुसार एकलौटी हकभोग र स्वामित्वका घर जग्गाहरू हुन् भनी मान्न नमिल्ने ।

अयुद्धबहादुर राई पनि पहिला शिक्षक र पछि हङकङमा श्रीमतीसँगै गई बसी कमाई गरेको भन्ने देखिइरहेको छ । निजले आफूले आम्दानी गरी श्रीमतीको नाममा जग्गा खरीद गरेको. भनी लिइरहेको जिकीरलाई अन्यथा भन्ने मिसिल प्रमाणबाट देखिन आउँदैन । यसका साथै परिवारका अन्य सदस्यको आर्जन पनि त्यसमा सामेल रहेको छ । यसप्रकार वादी प्रतिवादीहरू पहिले नै छुट्टी भिन्न भैसकेको, पुनरावेदिका शुभा राई आफ्नो पति अयुद्धबहादुरसँग भिन्न भइसकेको भन्ने अवस्था नदेखिएको र वादी प्रतिवादीहरूको नाता सम्बन्धमा समेत विवाद नरहेबाट शुभा राई समेतका नाममा रहेको सम्पत्ति सगोलको मान्नुपर्ने ।

इजलास अधिकृतः चुरामन खड्का
कम्प्युटरः सुदीप पञ्जानी
इति संवत् २०६९ साल भदौ २० गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६७-CI-०४२१, लिखत बदर, *सुवर्ण महर्जन वि. अयुद्धबहादुर राई समेत*, २०६७-CI-११०५, *गोमा महर्जन वि. अयुद्धबहादुर राई समेत*

- २०६७-CI-०२८७, लिखत बदर, *शुभा राई वि. अयुद्धबहादुर राई समेत,* २०६७-CI-११०४, *गोमा महर्जन वि. अयुद्धबहादुर राई समेत*

## इजलास नं. ५

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की,** ०६८-WO-००११, उत्प्रेषण परमादेश, *कृष्णप्रसाद लम्साल समेत वि. भौतिक योजना तथा निर्माण मन्त्रालय समेत*

रिट निवेदन व्यहोरा र मिसिल संलग्न मिति २०६७।३।१५ का नियुक्ति तथा म्याद थपसम्बन्धी पत्रहरूको छायाँप्रतिबाट निवेदकहरूको अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको सदस्य पदको पदावधि २०६९।३।१५ देखि समाप्त भैसकेको भन्ने देखिँदा रिट निवेदकहरूको २ वर्षे पदावधि नै समाप्त भएको हुँदा रिट निवेदनको औचित्य नभएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

- यसै प्रकृतिको ०६७-WO-१२३३, उत्प्रेषण, परमादेश, *महेशबहादुर बस्नेत वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको* मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६९ साल भदौ ३ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CR-०९२२, आयकर, *कमला रोलिङ्ग मिल्स प्रा.लि. टंकीसिनवारी, मोरङ्ग वि. ठूला करदाता कार्यालय, हरिहर भवन, ललितपुर*

व्यवसायीले करयोग्य आय भनी पेश गरेको विवरण छानबीन गरी पुनः कर निर्धारण गर्दा आयकर ऐन, २०५८ को दफा १५(४) गर्नुपर्ने देखिएको स्थितिमा उक्त ऐनको दफा १५(३) आकर्षित नहुने ।

संशोधित कर निर्धारण सम्बन्धमा आयकर ऐन, २०५८ को दफा १५(३) आकर्षित नभै दफा १५(४) आकर्षित हुने देखिइरहेको स्थितिमा आन्तरिक राजश्व विभाग ठूला करदाता कार्यालय, काठमाडौंका प्रमुख, कर प्रशासकले पुनरावेदक प्रतिवादीले पेश गरेको विवरणमा देखाएको करयोग्य रकम रू. ७०,६०,५६०।९९ मा व्यापार मौज्दातमा लगत कट्टी गर्न नपाउने भनी थप गरेको करयोग्य आय रू. २२,२३,७६०।७३ समेत जम्मा करयोग्य आय रू. ९२,८४,३२१।७२ कायम हुने देखिँदा तयारी पदार्थको अन्तिम मौज्दातको मूल्याङ्कन रियलाइजेशन मूल्यमा गरी फरक भएको रकम रू. २२,२३,७६०।७३ मा व्यापार मौज्दातको लागत खर्च कट्टी गर्न नपाउने हुँदो खुद आयमा समावेश गर्नुपर्ने ।

इजलास अधिकृतः ऋषिराम आचार्य
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६९ साल भदौ ११ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री भरतराज उप्रेती,** ०६६-CI-०५०२, अंश दर्ता, *प्राणनाथ राय थारू वि. राजेन्द्र राय थारू समेत*

वादी र प्रतिवादीहरू बीच चार पुस्ताको अन्तर हुनुको साथसाथै निजहरूको घरजम एवं बसोबास समेत भिन्नाभिन्नै देखिएको र लिखत प्रमाण, व्यवहार, भोग, बिक्री समेतबाट यी वादी प्रतिवादीबाट मुलुकी ऐनमा भएको सातौं संशोधन भन्दा पहिले नै अलग भिन्न भइसकेको पुष्टि भएको अवस्थामा हाल आएर वादीले प्रतिवादीहरूसँग अंशमा दावी गर्न नमिल्ने ।

इजलास अधिकृतः दीपक ढकाल
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६९ साल भदौ २० गते रोज ४ शुभम् ।

- यसै लगाउको ०६६-CI-०५०३, बण्डापत्र लिखत बदर दर्ता, *प्राणनाथ राय थारू वि. राजेन्द्र राय थारू समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६४ सालको रिट नं. ०६४-WO-०४४७, उत्प्रेषणयुक्त परमादेश, *जीवनमल चौडरिया वि. नेपाल राष्ट्र बैंक केन्द्रीय कार्यालय समेत*

निवेदकले आफूले केवल एण्ड प्लाष्टिक प्रा.लि. लाई व्यक्तिगत जमानी दिएको भन्ने कुरा निवेदनमा उल्लेख नगरी आफू सञ्चालक

शेयरवालाबाट हटिसकेको अवस्थामा समेत कालो सूचीमा राखेको भनी प्रस्तुत निवेदन दायर गरेको देखिन्छ । निवेदक पछि सञ्चालकबाट हटेको देखिएको भए पनि जुन अवस्थामा ऋण लिइएको थियो सो अवस्थामा सञ्चालक रहनुको साथसाथै ऋणको जमानत दिने व्यक्ति समेत रहेको कुरा लिखित जवाफ एवं मिसिल संलग्न कागजातहरूबाट देखिन आएको र सो ऋण भुक्तान नभएको कारणले निवेदकहरूलाई कालोसूचीमा राखेको देखिन्छ । सम्बन्धित कानूनी व्यवस्थाहरूलाई हेर्दा बैंक तथा वित्तीय संस्थाको ऋण असूली ऐन, २०५८ को दफा २६ मा "जमानत दिने व्यक्तिको दायित्व भनी उपदफा (१) ऋणीको निमित्त जमानत दिने व्यक्तिको दायित्व जमानत दिएको रकमको हदसम्म मात्र सीमित रहनेछ भन्ने उल्लेख भएको पाइन्छ भन्ने उपदफा (२) प्रचलित कानूनमा जुनसुकै व्यहोरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको दायित्व जमानत दिने व्यक्तिबाट सोझै असूलउपर गर्न सकिनेछ" भन्ने व्यवस्था गरिएको पाइन्छ । यस्तो व्यवस्थाको सन्दर्भमा हेर्दा निवेदकलाई तत्काल प्रचलित कानूनअनुसार नै निज जमानी बसेको उद्योगले ऋण चुक्ता नगरेको कारण प्रचलित कानूनअनुसार नै निवेदकहरूलाई कालो सूचीमा राखेको देखिँदा निवेदक सो कामकारवाही भएको मितिले करीब १८ वर्ष पछि अनुचित बिलम्ब गरी प्रस्तुत निवेदन दायर गरेको देखिनाले समेत निवेदकको मागबमोजिमको आदेश जारी गर्न नमिली प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६९ साल जेठ १६ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६४ सालको रिट नं. ०६४-WO-०५९६, उत्प्रेषणयुक्त परमादेश, *मूलचन्द चौडरिया समेत वि. राजविराज नगरपालिका कार्यालय, राजविराज, सप्तरी समेत*

निवेदकहरूको बाबु जीवनमल चौरडियाले आफू सञ्चालक भएको केवल एण्ड प्लाष्टिक प्रा.लि.को लागि २०३७/२०३८ सालमा नेपाल बैंक लि. बाट कर्जा लिएको र सो कर्जा लिँदा व्यक्तिगत जमानत समेत दिई ऋण उद्योग सञ्चालन गरेको मिसिलबाट देखिन्छ । यी निवेदकहरूबाट बाबुले ऋण नतिरेको कारणबाट निवेदकहरूको नाममा भएको समेतका जग्गाहरू नेपाल बैंक लिमिटेडको पत्रको आधारमा राजविराज नगरपालिकाले रोक्का राखेको अवस्था देखियो । निवेदकको बाबु जीवनमल चौडरिया ऋण लिएको अवस्थामा कम्पनीको शेयर होल्डर सञ्चालक नभएको भन्ने भनाई निवेदकहरूको नभएको, साथै ऋण लिँदा बाबुले जमानी दिएको छैन भन्न पनि नसकेको तथा निवेदकमध्येकै राजेन्द्रकुमार चौडरियाको बाबुले लिएको कर्जा तमसुकमा समेत सहीछाप गरेको हुनुको साथसाथै जग्गा रोक्का राखेको लामो समयपछि प्रस्तुत निवेदन लिई आएको पाइएको छ । यसको अतिरिक्त बैंकले ऋण चुक्ता भएपछि जग्गा फुकुवा गर्न सक्ने नै देखिन्छ । त्यस कारण बैंकले आफ्नो ऋण असूल गर्ने प्रयोजनको लागि प्रचलित कानूनअनुसार रोक्का राखेको कार्य कानूनसम्मत् नै देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६९ साल जेठ १६ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री तर्कराज भट्ट,** ०६६-CR-०८१६, भ्रष्टाचार, *नेपाल सरकार वि. विष्णुबहादुर थापा*

साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क अनुसार अनुसन्धान अधिकृत तोकिएको मितिले २ वर्षभित्रै प्रस्तुत मुद्दा दायर भएको र हाल प्रचलनमा रहेका भ्रष्टाचार निवारण, ऐन, २०५९ मा मुद्दा दायर गर्ने सीमित हदम्यादको व्यवस्था नरहेबाट पनि प्रस्तुत मुद्दा हदम्यादभित्रै दायर भएको मान्नुपर्ने ।

प्रतिवादी विष्णुबहादुर थापाको शैक्षिक प्रमाणपत्रको सत्यताको सम्बन्धमा अनुसन्धान तहकीकातको कार्य पूरा गरी प्रतिवेदन पेश गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०६४।२।२५ मा अनुसन्धान अधिकृत तोकी अनुसन्धान कार्य पूरा गरी प्रस्तुत मुद्दाको आरोपपत्र मिति

२०६५।६।२५ मा विशेष अदालत, काठमाडौंसमक्ष पेश गरेको देखिनाले साविकमा प्रचलनमा रहेको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क अनुसारको हदम्याद दुई वर्ष तथा हाल प्रचलनमा रहेको भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार पनि हदम्यादभित्रै प्रस्तुत मुद्दा दायर भएको देखिने ।

इजलास अधिकृतः ऋषिराम आचार्य

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल असार २६ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७ सालको दे.पु.नं. ०६७-CI-०९०६, परमादेश, *महेश्वरलाल श्रेष्ठ वि. विद्याप्रसाद गौतम*

बैंकले धितो राखी कर्जा प्रवाह गरेको अवस्थामा कर्जा प्रवाह गर्नु अघि कर्जा लिने व्यक्तिले राखेको धितो कच्चा पक्का के हो, वास्तविक जग्गाधनी हो होइन, खोलो पहिरो लागेको जग्गा हो, होइन, मुद्दा परेको जग्गा हो, होइन जग्गा साबुत बेसाबुत के हो आदि सबै हेरी कर्जा प्रवाह गर्नुपर्ने हुन्छ र बैंकले धितो राखेको जग्गा जुनसुकै अवस्थामा गएर बेसाबुत ठहरेमा ऋण लिने सम्बन्धित व्यक्तिको अन्य अचल श्रीसम्पत्ति जायजेथा रोक्का राखी सोबाट आफ्नो ऋण असूल गर्न सक्ने नै हुन्छ । नक्कली व्यक्तिहरू मिली अर्केको जग्गा धितो राखी ऋण लिएको अवस्था ठहरेकोमा सो जग्गा बैंकमा धितो राख्ने प्रयोजनका लागि स्वतः कच्चा ठहरेको स्थिति छ । यस्तो अवस्थामा ऋण नै नलिने र बैकसँग कुनै सरोकार नै नभएको वास्तविक जग्गाधनीको जग्गा रोक्का राखी रहने र सोही जग्गाबाट बैंकको ऋण असूल गर्नु पर्छ भन्नु कानून एवं न्यायको दृष्टिले उपयुक्त नहुने ।

मालपोत र बैंक जस्ता निकायले अदालतबाट कानूनबमोजिम अन्तिम फैसला भैसकेको अवस्थामा वास्तविक जग्गाधनीको नाममा जग्गा दा.खा. नामसारी नगरी बिना कारण रोक्नुपर्ने अवस्था नदेखिएको र अदालतको फैसलाबाट समेत बेसाबुत कच्चा ठहरेको जग्गा बैंकले रोक्का राख्नुपर्ने अवस्थाको विद्यमानता पनि नदेखिँदा निवेदकको नाउँमा दा.खा. दर्ता सम्बन्धमा १५ दिनभित्र निर्णय गर्न मालपोत कार्यालय, ललितपुरको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६९ साल बैशाख २८ गते रोज ५ शुभम् ।

८

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री तर्कराज भट्ट,** ०६४-CR-०१६९, सरकारी छाप दस्तखत कीर्ते, *नेपाल सरकार वि. दीपेन्द्र गौतम*

सरकारी अड्डाको छाप र सरकारी कर्मचारीको दस्तखत भएको कागज कीर्ते गरी राहदानी हेरफेर गरी भीसाको लागि आवेदन गर्ने कार्य प्रतिवादीहरू दीपेन्द्र गौतम र राजाराम पोखरेलको मिलिमतोमा भएको तथ्य शंकारहित तवरबाट पुष्टि हुन आएको छ । त्यसकारण दीपेन्द्र गौतम समेतको संलग्नतामा प्रतिवादी दीपेन्द्र गौतमको नामको राहदानी नं. १२२९०८१ को पाना नं. ४५ र ४६ च्याती हेरफेर गरेको परीक्षण प्रतिवेदन समेतबाट समर्थित हुन आएको अवस्थामा सरकारी छाप दस्तखत भएको कागज कीर्ते गरी मुलुकी ऐन, कीर्ते कागजको महलको १, ९ र १२ नं. को कसूर अपराध गरेको पुष्टि हुन आएको हुँदा निजलाई सोही महलको ९ नं. बमोजिम रू. ५०।- जरीवाना र सोही महलको १२ नं. बमोजिम थप एक वर्ष कैद समेत हुने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६९ साल असार २४ गते रोज १ शुभम् ।

९

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-WH-००११, बन्दीप्रत्यक्षीकरण, *सुरेन्द्रप्रसाद पौडेलको हकमा दाजु टीकाराम पौडेल वि. कारागार कार्यालय, जगन्नाथ देवल काठमाडौं समेत*

काठमाडौं जिल्ला अदालतबाट मिति २०६९।३।२६ मा स.फौ.पु.नं. १७३० को ठगी तथा नागरिकता कीर्ते मुद्दामा प्रतिवादी रहेको निवेदकलाई ठगीको ४ नं. अनुसार एक वर्ष कैद गरी नागरिकता कीर्ते सम्बन्धमा समेत सोही मुद्दामा नेपाल नागरिकता ऐन, २०६३ को दफा २१ (३) बमोजिम थप एक वर्ष कैद गर्ने भनी फैसलाको ठहर खण्डमा भएको उल्लेख एवं सोहीअनुसार तपसील खण्डमा

दुई वर्ष कैद हुने भनी उल्लिखित भएको प्रत्यक्ष रूपले (Prima-facie) मुलुकी ऐन, दण्ड सजायको १० नं. एवं ४१ नं. को कानूनी व्यवस्थाविपरीत रहेको र सो फैसलामा प्रत्यक्ष कानूनी त्रुटि (Absolute error of Law) भएको देखियो । निवेदकलाई दुबै कसूरबापत भएको कैदको सजाय अलग-अलग भुक्तान गर्नुपर्ने नभई एकै पटक भुक्तान हुने अर्थात् एक वर्षमा मात्र भुक्तान हुने स्पष्ट देखिएकोले एवं सोअनुसार हुने कैदको सजाय निवेदकले भुक्तान गरी सकेको समेतले निजलाई यो भन्दा बढी कैद गर्नुपर्ने नहुँदा कैदको सजायबापत निज थुनामा बसिरहनु पर्ने देखिएन । तसर्थ उक्त फैसलाअनुसार हुने ठहर भएको रू. १,३६,८८१।- जरीवाना निजले फैसलाअनुसार नगदै भुक्तान गरेमा निज थुनामुक्त हुने गरी बन्दीप्रत्यक्षीकरण जारी हुनुको साथै निजले पुनरावेदन गर्न चाहेको अवस्थामा कानूनबमोजिम नगद वा जमानत दिई पुनरावेदन गरेमा कानूनबमोजिमको प्रक्रिया पूरा गरी निजको पुनरावेदन समेत दर्ता गर्नु गराउनु भनी निवेदन मागबमोजिम नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) अनुसार बन्दीप्रत्यक्षीकरण एवं उपयुक्त आदेश जारी हुने ।

इजलास अधिकृतः ऋषिराम आचार्य

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६९ साल भदौ १३ गते रोज ४ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६५-WO-०१०५, उत्प्रेषणयुक्त प्रतिषेध, *पूजा सोप एण्ड हाउसहोल्ड प्रोडक्टस प्रा.लि. वि.श्रम कार्यालय, पर्सा समेत*

प्रस्तुत विवादमा व्यवस्थापक वा प्रवन्धकबाट कर्मचारी कामदारलाई अवकाश दिएको अवस्था नभई प्रशासन प्रमुखबाट अवकाश दिएको, अवकाश दिँदा कर्मचारी कटौती गर्नु परेको कारणबाट अवकाश दिएको भन्ने उल्लेख भएको नदेखिएको र अवकाश दिँदा सफाइको मौका दिएको समेत नदेखिँदा श्रम ऐन, २०४८ को दफा ६०(ग) अनुसार श्रम अदालतमा पुनरावेदन गरेको देखियो । यस्तो अवस्थामा श्रम अदालतमा पुनरावेदन लाग्ने नै हुँदा श्रम अदालतमा पुनरावेदन परी त्यहाँबाट भएको कामकारवाही र निर्णयलाई निवेदक जिकीरबमोजिम क्षेत्राधिकारविहीन निकायबाट भएको भन्न नमिल्ने ।

कामदार वा कर्मचारीलाई अवकाश दिनु अघि श्रम ऐन, २०४८ को दफा ५३ अनुसार कम्तीमा सात दिनको समय दिई स्पष्टीकरण सोधी सो जवाफ चित्त बुझ्दो नभएमा मात्र खराब आचरणबापतमा सेवाबाट हटाइनु पर्नेमा सो कार्यविधिको पालना भएको नदेखिएको एवं अवकाशको सजाय दिँदा अख्तियारप्राप्त अधिकारी उद्योगको व्यवस्थापकबाट दिएको नभै प्रशासन प्रमुखबाट दिएको भन्ने देखिँदा त्यसरी कानूनको त्रुटि गरी दिएको अवकाशलाई कानूनअनुकूल अवकाश दिएको भन्न मिल्ने अवस्था नदेखिँदा निवेदक उद्योगबाट विपक्षी उद्धवकुमार ढकाल समेतलाई दिएको अवकाश गैरकानूनी देखिँदा सो विषयमा श्रम अदालतले कानूनबमोजिम पुनरावेदन सुनी सो अवकाश बदर गरी उद्योगको काममा बहाली हुने ठहऱ्याएको श्रम अदालत, काठमाडौंको निर्णय र सो निर्णय कार्यान्वयनको सिलसिलामा श्रम कार्यालय, वीरगञ्जले उद्योगमा गरेको पत्राचारमा कुनै कानूनी त्रुटि नदेखिएको र सो कामकारवाहीबाट निवेदकको कुनै हकमा आघात पुगेको अवस्था समेत नदेखिँदा निवेदकको मागबमोजिमको रिट जारी हुने अवस्था नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६९ असार ५ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६५-WO-०१२८, उत्प्रेषणयुक्त परमादेश, *अग्रणी एल्म्यूनियम प्रा.लि. (हाल हुलास स्टिल इण्डष्ट्रिज लि.) वि. सुब्बाप्रसाद पन्त समेत*

विपक्षी सुब्बाप्रसाद पन्तउपर लागेको चोरीको आरोपबाट निजले सफाइ पाएको देखिएको एवं बिना सूचना लगातार तीस दिनभन्दा बढी समयसम्म प्रतिष्ठानमा उपस्थित नभएकोमा आरोप लगाए पनि विपक्षी सुब्बाप्रसाद पन्तले आफू बिरामी परेको कारण उद्योगमा उपस्थित हुन नसकेको भन्ने बारेमा मिति

२०६३।४।१२ मा जानकारी दिएको देखिएको एवं खराब आचरणमा कारवाही शुरू गर्दा श्रम ऐन, २०४८ को दफा ५३(१) ले तोकेको अवधि नघाई कारवाही शुरू गरेको देखिएको कारण विपक्षी सुब्बाप्रसाद पन्तलाई अवकाश दिने गरेको निर्णय कानूनी त्रुटिपूर्ण हुँदा श्रम अदालतबाट सो अवकाश दिने निर्णय बदर गरेकोमा कुनै कानूनी त्रुटि नदेखिँदा निवेदकको मागबमोजिम रिट जारी हुने अवस्था नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६९ साल असार ५ गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको ०६५-WO-०१२९, उत्प्रेषणयुक्त परमादेश, *अग्रणी एल्म्यूनियम प्रा.लि. (हाल हुलास स्टील इण्डष्ट्रिज लि.) समेत वि. जवाहर लाल साह कानू समेत भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।*

**३**

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CR-०२६२, ०३९४, कर्तव्य ज्यान, *मानकाजी थोकर वि. नेपाल सरकार, मानबहादुर वाइबा वि. नेपाल सरकार*

जाहेरी दरखास्त, घटनास्थल र लास प्रकृति मुचुल्का तथा शव परीक्षण प्रतिवेदन, मौकाको कागज र जाहेरवाला तथा मौकामा कागज गर्ने व्यक्तिले आफूले मौकामा लेखेको कागजलाई समर्थन हुने गरी अदालतमा गरेको बकपत्र समेतका सबूद प्रमाणहरूबाट प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानको पुष्टि हुन आएको र अदालतमा गरेको बकपत्र समेतका सबूद प्रमाणहरूबाट प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानको पुष्टि नभएको अवस्थामा पुनरावेदक प्रतिवादीहरूले अभियोग दावीबमोजिमको कसूर गरेको प्रमाणित भएको अवस्था देखिन्छ । यस्तो स्थितिमा आफ्नो बाखा, गाई र श्रीमतीको मृत्यु मृतकहरूले बोक्सी लगाई दिएको कारणबाट भएको भन्ने भ्रममा परी बदला लिने अभिप्रायले प्रतिवादी मानकाजी थोकरले प्रतिवादी मानबहादुर वाइबा र अन्य प्रतिवादीहरूको सहयोग लिई रक्सी खाने निहुँ गरी रातको समयमा मृतकहरूको घरमा गई सबै प्रतिवादीहरू मिली धारिलो हतियारले प्रहार गरी हत्या गरेको भन्ने देखिँदा प्रतिवादी मानबहादुर वाइबा र मानकाजी थोकरलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(१) नं. को कसूरमा ऐ.को १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६९ साल साउन १७ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-WO-०८६७, उत्प्रेषणमिश्रित परमादेश, *अशोककुमार जटिया वि. वंशीधर गुप्ता समेत*

पुनरावेदन अदालत, तुल्सीपुरबाट शुरू फैसला उल्टी गरी वादीले दावीबमोजिम रकम भराई लिन पाउने ठहऱ्याई फैसला भएपश्चात् निज प्रतिवादी अशोककुमारको नाममा सोही वतनमा पुनरावेदनको म्याद जारी भएको र मिति २०६६।२।२० मा सो पुनरावेदनको म्याद तामेल भएको देखिन्छ । सो तामेली व्यहोरा हेर्दा पनि म्यादवाला व्यक्ति तथा निजको घर परिवारका सदस्यले म्याद बुझी लिन इन्कार गरेकोले निज अशोककुमारको घर नं. २४८ को घरको मूल ढोकामा टाँस भई तामेल भएको भन्ने देखिन्छ । ती दुबै म्यादहरू लेनदेनको तमसुकी लिखतमा लेखिएको रिट निवेदकको वास्तविक वतन भनी उल्लेख गरेकै वडामा जारी भई तामेल भएको देखिन्छ । ती म्यादहरूको तामेली व्यहोराको सम्बन्धमा निवेदकको निवेदनमा अन्यथा जिकीर लिएको नदेखिँदा पुनरावेदन अदालतबाट जारी भएको म्याद तामेल हुँदाका बखत नै अवगत भएकोमा सो लेनदेन मुद्दामा कुनै प्रतिवाद र पुनरावेदन समेत नगरी चित्त बुझाई बसेको देखिएबाट प्रस्तुत रिट खारेज हुने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६९ साल साउन १७ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** ०६३-WO-२४७, निषेधाज्ञायुक्त परमादेश, *गुठी संस्थान शाखा कार्यालय, वीरगञ्ज वि. अलखिया मठ सञ्चालक समिति, अलखिया मठ, वीरगञ्ज पर्सा*

पुनरावेदन अदालत हेटौंडाबाट फैसला भएको संवत् २०६७ सालको दे.पु.नं. १६९९ को वादी अलखिया मठ सञ्चालक समिति र प्रत्यर्थी प्रतिवादी गुठी संस्थान शाखा कार्यालय, पर्सा भएको टिप्पणी आदेश स्रेस्ता संशोधन दर्ता बदर मुद्दामा अलखिया मठ गुठी संस्थानको अधिनस्थ रहेको भनी उल्लेख भएको देखिन्छ । यस्तो अवस्थामा पुनरावेदन अदालत हेटौंडाको निषेधाज्ञाको निवेदनको रोहमा निर्णय गर्दा फैसलाको ठहर खण्डको पेटबोलीमा अलखिया मठ गुठीलाई गुठी संस्थान अधिनस्थ रहेको भन्ने देखिन आएन भनी सो मठको हक बेहकमा असर पर्ने गरी निवेदन दावीको विषयवस्तुभन्दा बाहिर गई निवेदन दावीभन्दा बढी बोलेको देखियो । सो हदसम्म पुनरावेदन अदालत हेटौंडाको फैसलामा सहमत हुन नसकिए पनि प्रस्तुत विवादको विषयवस्तु हेर्दा मठको हक बेहक भन्दा पनि मठको नाममा बैंकमा खोलेको खाता विपक्षी जिल्ला प्रशासन कार्यालयले अनाहकमा रोक्का राखेउपर निवेदन परेको र त्यसमा निवेदकको मागबमोजिम आदेश जारी भएपश्चात् कसैको तर्फबाट पनि यस अदालतमा पुनरावेदन परेको नदेखिएबाट पुनरावेदन अदालतको फैसलामा कुनै तात्विक फरक पर्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६९ साल असार ३१ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** ०६५-WO-०६४३, उत्प्रेषणमिश्रित परमादेश, *अनीता न्यौपाने समेत वि. श्रम तथा यातायात व्यवस्था मन्त्रालय समेत*

कुनै प्रतिष्ठानमा कार्यरत् कामदार तथा कर्मचारीहरूको सेवा कटौती गर्ने बारेमा पूर्ण तथा स्वतन्त्र कानूनको रूपमा रहेको श्रम ऐन, २०४८ को दफा १२ को व्यवस्था दफा ७४ अनुसारको सामूहिक सम्झौताको विषयवस्तु हुन नसक्ने भएकोले कर्मचारी र कामदारको सामूहिक हक, हित र सुविधासम्बन्धी थप व्यवस्थाको लागि माग राख्न सकिने र सो सम्बन्धमा सामूहिक सम्झौता हुन सक्ने भनी दफा ७४ मा गरिएको व्यवस्थाको आधारमा भएको सम्झौताले प्रतिष्ठानको व्यवस्थापकले र कामदार कर्मचारीले वाध्यात्मक रूपमा पालना गर्नुपर्ने गरी उक्त ऐनको दफा १० तथा १२ लगायत वाध्यात्मक रूपमा पालन गर्नुपर्ने व्यवस्थालाई संकुचित गर्न तथा नियन्त्रण गर्न सक्ने अवस्था नदेखिने ।

कुनै कामदार कर्मचारीको सेवा अन्त्य वा कटौतीको विषयमा उक्त दफा ७४ अनुसार माग दावी पेश गर्न नसकिने मात्र नभई यस्तो माग श्रम ऐनको दफा १२, ५२, ५३ तथा ७५, नेपालको अन्तरिम संविधान, २०६३ को धारा १८ द्वारा प्रतिवन्धित विषय भएकोले यस्तो विषयमा दफा ७४ बमोजिम माग पत्र प्रस्तुत हुन नै नसक्ने भई उक्त दफा ७४(२) बमोजिम सम्झौता नै हुन नसक्ने र यस्तो गैरकानूनी सम्झौताले दफा ७९ अनुसारको संरक्षण वा मान्यता प्राप्त हुने अवस्था देखिएन । यसैले उक्त श्रम ऐनको दफा १२, ५२ तथा ५३ को विपरीत हुने गरी भए गरेको सम्झौताको आधारमा कुनै पनि कामदार कर्मचारीको सेवा समाप्त हुन सक्ने अवस्था पनि नरहने ।

स्थायी कामदार कर्मचारीलाई सेवाबाट हटाउन वा निजको सेवा समाप्त गर्न वा सेवाबाट हटाउन नपाइने भन्ने सम्बन्धमा उक्त ऐनको दफा ५२ ले प्रदान गरेको हकलाई कुण्ठित गर्ने गरी सामूहिक सौदावाजीको नाममा कुनै प्रतिष्ठान र उक्त प्रतिष्ठानको ट्रेड यूनियन वा कामदार कर्मचारीको प्रतिनिधि भनिएका व्यक्तिहरू बीच कुनै सम्झौता हुन नसक्ने र यस्तो सम्झौताले उक्त ऐनको दफा ७९ अनुसारको संरक्षण तथा कानूनी मान्यता समेत प्राप्त गर्न सक्ने अवस्था नदेखिने ।

श्रम ऐन, २०४८ को दफा ७४ अनुसार प्रतिष्ठानको कामदार कर्मचारीको सामूहिक हक, हित र सुविधा सम्बन्धमा मात्र सामूहिक सम्झौता हुन सक्ने हुँदा उक्त ऐनको दफा १०, ५२ तथा ५३ को प्रक्रिया पूरा नगरी प्रतिष्ठानका केही कर्मचारीहरूको सेवा समाप्त गर्ने वा निजहरूलाई सेवाबाट हटाउने गरी कुनै पनि प्रत्यक्ष वा अप्रत्यक्ष आशय, प्रयोजन वा परिमाण निस्कने सम्झौता गर्न वा हुन नसक्ने हुँदा निवेदकहरूलाई प्रतिष्ठानको सेवाबाट हटाउने विपक्षी प्रतिष्ठान र ट्रेड यूनियनबीच मिति २०६५।१२।९ मा भएको सम्झौताले कानूनी मान्यता नपाउने ।

श्रम विभागबाट स्वीकृति प्राप्त गरी सेवा कटौतीमा पर्ने कामदारको सूची समेत प्रकाशित गरिसकेपश्चात् मजदुर यूनियन व्यवस्थापकबीच सम्झौता गरी निवेदकहरूको सेवा कटौती गरेको देखिएको र उक्त कार्य श्रम ऐन, २०४८ को दफा १०, १२, ५२ तथा ५३ को विपरीत भएको देखिएको र यस्तो सम्झौता गैरकानूनी हुने भई यस्तो गैरकानूनी सम्झौताले ऐनको दफा ७९ अनुसारको संरक्षण पाउन नसक्ने हुँदा यस्तो गैरकानूनी सम्झौतालाई आधार मानी निवेदकहरूको सेवा कटौती गर्ने गरी विपक्षी वायर्न इलेक्ट्रिकल प्रा.लि. बाट भए गरिएको मिति २०६५।१२।१७ को निर्णय तथा सो निर्णयको आधारमा निवेदकहरूलाई दिइएको मिति २०६५।१२।२१ को पत्र उत्प्रेषणको आदेशद्वारा बदर गरिएको छ। निवेदकहरूलाई साविकबमोजिम काममा लगाउनुको साथै निजहरूले प्रचलित कानूनबमोजिम पाउने तलव भत्तालगायत अन्य सबै सुविधा समेत निवेदकहरूलाई उपलब्ध गराउनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश समेत जारी हुने।

इजलास अधिकृतः रामप्रसाद भट्टराई

कम्प्युटरः निर्मला अधिकारी

इति संवत् २०६८ साल पुस ५ गते रोज ३ शुभम्।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६-CR-०६६७, जवर्जस्ती करणी, *नेपाल सरकार वि. चन्द्रप्रसाद तिवारी भन्ने चन्द्रबहादुर तिवारी*

किटानी जाहेरी, पीडितको मौकाको कागज, जाहेरवाला र मौकामा बुझिएका व्यक्तिको भनाई, पीडितको शारीरिक परीक्षण, प्रतिवादीको अदालतमा भएको आंशिक साविती बयानलगायतका मिसिल संलग्न प्रमाणहरूबाट र यस अदालतबाट मुद्दा दोहोऱ्याउने निस्सा प्रदान भएपश्चात् प्रतिवादीलाई अदालतबाट दुईपटक म्याद तामेल हुँदा बेपत्ते भई नेपालको राष्ट्रिय पत्रिका गोरखापत्रमा मिति २०६८।५।७ मा म्याद तामेलीको सूचना जारी हुँदा समेत प्रतिवादी अदालतसमक्ष उपस्थित भई आफ्नो निर्दोषिता पुष्टि गर्न नसकेको र न्यायिक प्रक्रियामा सहयोग पुऱ्याएको समेत नदेखिँदा निजको अदालतको इन्कारी बयान, जाहेरवाला र पीडितको अदालतको Hostile बकपत्रलाई मात्र आधार लिएर प्रतिवादीलाई अभियोग दावीबाट सफाइ दिदै जाने हो भने समाजमा अपराधले प्रश्रय पाउने र दण्डहीनताको स्थिति सिर्जना हुन जाने देखिन्छ। जहाँसम्म पीडितको अदालतसमक्षको इन्कारी बकपत्रको प्रश्न छ, त्यसलाई स्वयं प्रतिवादीकै अदालतको बयान, पीडितको शारीरिक परीक्षण प्रतिवेदन तथा मिसिल संलग्न अरू प्रमाणले खण्डन गरिसकेको अवस्था देखिनाले वारदात घटनाप्रति अनभिज्ञता प्रकट गरी भएको त्यस्तो बकपत्रलाई विश्वसनीय प्रमाणको रूपमा ग्रहण गर्नु न्यायोचित नदेखिँदा प्रतिवादी चन्द्रप्रसाद भन्ने चन्द्रबहादुर तिवारीले पीडित C कुमारीलाई मुलुकी ऐन, जवर्जस्ती करणीको १ नं. विपरीत जवर्जस्ती करणीको कसूर गरेको र वारदात हुँदाका अवस्थामा पीडिताको उमेर १३ वर्ष मात्र रहेको देखिँदा निज प्रतिवादीलाई ऐ.को ३(२) नं. बमोजिम ८ वर्ष कैद सजाय हुने र ऐ.१० नं. बमोजिम प्रतिवादीबाट पीडितालाई रू. १,००,०००।- (अक्षरूपी एकलाख) क्षतिपूर्ति भराई दिनु पर्ने।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६९ साल भदौ १९ गते रोज ३ शुभम्।

८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री तर्कराज भट्ट,** ०६६-CR-००५४, जालसाजी, *जगेसर सहनी मलाह वि. महेन्द्र सहनी*

वादी दावीबमोजिम लिखत जालसाजी ठहऱ्याई जालसाजीमा सजाय हुने ठहर गरेको शुरू फैसलाउपर प्रतिवादी महेन्द्र सहनीले पुनरावेदन नगरी चित्त बुझाई बसेको अवस्था देखिन्छ। यदि विवादित जग्गा प्रतिवादी महेन्द्र सहनीको आफ्नो भए हकभोगको प्रमाण देखाई पुनरावेदन गर्नुपर्नेमा आफूलाई सजाय भएको शुरू फैसलालाई चित्त बुझाई सो फैसलाउपर पुनरावेदन नगरी बस्नु पर्ने कुनै कारण देखिँदैन। त्यसैगरी गा.वि.स.बाट सिफारिश गरी दिने कर्मचारी रामलोचनको हकमा निज सरकारी कर्मचारी भएकोमा निजउपर फिराद दिँदा अनुमति लिएको नदेखिँदा निजको हकमा फिराद कायम हुन सक्ने अवस्था नदेखिने।

वादी दावीको कि.नं. १०२ नं. को घरजग्गा प्रतिवादी जगेसर सहनीको दाता प्रतिवादी महेन्द्र

सहनीको हकभोगको नदेखिएको अवस्थामा निजले आफ्नो हकभोग नभएको सो घरजग्गा आफ्नो हक भोगको भनी प्रतिवादी जगेसरलाई राजीनामा गरी दिएको देखिँदा त्यस्तो राजीनामाको लिखितलाई सद्धे साँचो मान्न नमिल्ने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६९ साल साउन १४ गते रोज १ शुभम् ।

९

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६६-WO-०३७८, उत्प्रेषण, *सुशीम रञ्जन बराल वि. लोकसेवा आयोग, केन्द्रीय कार्यालय*

निवेदकले आफूलाई पहिलेकै मितिदेखि जेष्ठता लागू हुने गरी बढुवा गर्नु भनी परमादेश जारी गरिपाऊँ भन्ने समेत जिकीर लिएको देखिए पनि विज्ञापन नै नभएको स्थितिमा पहिलेकै मितिदेखि निवेदकले माग गरेजस्तो आदेश गर्न विद्यमान ऐन नियमले मिल्ने देखिँदैन । जहाँसम्म रिक्त पदहरूको पूर्तिको पक्ष छ सोको लागि निजामती सेवा ऐन, २०४९ को दफा ७क(१) मा "निजामती सेवाको कुनै पद रिक्त भएमा त्यसको सूचना पद रिक्त भएको एक महिनाभित्रमा सम्बन्धित निकायले लोकसेवा आयोगलाई दिई सोको जानकारी सामान्य प्रशासन मन्त्रालयहरूलाई दिनु पर्नेछ" भन्ने स्पष्ट व्यवस्था गरिएको पाइन्छ । त्यसरी रिक्त पदको प्रक्रियासम्मत् माग भई आएपछि सामान्य प्रशासन मन्त्रालय समेतसँग समन्वय गरी लोकसेवा आयोगबाट विज्ञापन प्रकाशित गर्नुपर्ने नै हुन्छ र सोअनुसार गर्नु सम्बन्धित सेवा समूह सञ्चालन गर्ने मन्त्रालयको दायित्व समेत रहेको हुन्छ । प्रस्तुत रिट निवेदकले माग गरेको नेपाल वन सेवा बोटानी समूहको राजपत्रांकित प्रथम श्रेणीको २ पद रिक्त रहेको वन तथा भू-संरक्षण मन्त्रालय समेतको लिखित जवाफमा देखिएकै छ । पद रिक्त भएको अवस्थामा प्रचलित ऐन नियमअनुसार पूर्ति गर्दै जानु पर्ने नै हुन्छ । विद्यमान ऐन कानूनले सो रिक्त पदपूर्तिसम्बन्धी कारवाहीलाई अगाडि बढाउन नरोकेको अवस्थामा विपक्षीहरूद्वारा सो सम्बन्धमा कारवाही अगाडि बढाएको नदेखिएको हुँदा विपक्षीहरूको कार्यलाई मनासिब मान्न नमिल्ने हुँदा निजामती सेवा ऐन, २०४९, निजामती सेवा नियमावली २०५० लोकसेवा आयोग ऐन, २०६६ तथा लोकसेवा आयोग नियमावली, २०६७ समेतका प्रचलित कानूनबमोजिम रिक्त पदको पदपूर्तिको लागि कारवाही गर्नु, गराउनु भनी विपक्षीहरूको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः अमिरत्न महर्जन

इति संवत् २०६९ साल भदौ ५ गते रोज ३ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री कमलनारायण दास,** ०६८-CI-०३१८, परमादेश, *नामदेव शरण वि. मालपोत कार्यालय, धनुषा, जनकपुरधाम समेत*

परमादेशको मूल मर्म सार्वजनिक पदाधिकारीले कानूनविपरीत काम गरेमा वा कानूनबमोजिम गर्नुपर्ने काम नगरेमा त्यस्तो कामकारवाहीका सम्बन्धमा कानूनबमोजिम काम गर्न, गराउन सार्वजनिक पदाधिकारीका नाउँमा जारी गरिने आदेश हो । परमादेशको रोहबाट सार्वजनिक पदाधिकारीबाट भएको आदेश वा निर्णय बदर गर्न मिल्दैन । प्रस्तुत मुद्दामा यी पुनरावेदक/निवेदकले मालपोत कार्यालयबाट भएको आदेश बदर गर्नेतर्फ कुनै कारवाही गरेको नदेखिएको परिप्रेक्ष्यमा निवेदन मागबमोजिम परमादेशको आदेश जारी गर्न मिल्ने देखिन आएन । तसर्थ, निवेदकको निवेदन खारेज हुने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६९ साल भदौ ७ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री कमलनारायण दास,** ०६८-CI-१२०१, निषेधाज्ञा, *सीतादेवी समेत वि. जलेश्वर नगर विकास समिति समेत*

निषेधाज्ञाको निवेदनबाट भइसकेको निर्णय बदर हुन सक्दैन । निवेदकले मिति २०६७।१।३१ मा

भएको निर्णय बदर गरिपाऊँ भनी सर्वोच्च अदालतमा दिएको रिट निवेदन कारवाहीयुक्त अवस्थामा रहेकोले उक्त रिट निवेदनको अन्तिम किनारा नभएसम्म निषेधाज्ञाको आदेश जारी हुनुपर्छ भनी पुनरावेदन पत्रमा जिकीर लिएको भए पनि यस अदालतमा दिएको भनिएको रिट नं. ०६६-११९३ को रिट निवेदनमा अन्तरिम आदेश जारी नहुने गरी यस अदालतबाट मिति २०६७।३।७ मा आदेश भएको मिसिलसंलग्न आदेशको छाँयाकपीबाट देखिन आउँछ । यसरी मिति २०६७।१।३१ मा भएको निर्णय अन्यथा भएको नदेखिएको र विवादित विषयका सम्बन्धमा यस अदालतमा चलेको रिट निवेदनमा अन्तरिम आदेश जारी भएको नदेखिएको हुँदा निषेधाज्ञाको आदेश जारी हुने देखिन आएन । तसर्थ, निवेदकको निवेदन खारेज हुने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६९ साल भदौ ७ गते रोज ५ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-RC-००८५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. पवित्रा वाइवा*

प्रतिवादीले मरेको बच्चा जन्मिएको भनी अदालतमा बयान गरे पनि शव परीक्षण प्रतिवेदनबाट जीउँदो बच्चा जन्मिएको र श्वासप्रश्वासमा भएको अवरोधका कारण मृत्यु भएको भन्ने पुष्टि भएकाले यी प्रतिवादीले जीउँदो बच्चा जन्माई मारेको तथ्य अकाट्य रूपमा पुष्टि हुन आएकोले निजउपर कर्तव्य ज्यानको कसूर प्रमाणित हुन आउने ।

प्रतिवादीले पनि नचाहेको गर्भ धारण गरेको र समाजको लाजगालले लामो समय बिताएको अवस्था निजको बयानबाट चित्रित भएको छ । यस्तो कष्टकर समय बिताएकी प्रतिवादीले समाजको कारण थप कष्ट भोग्नुपर्ने अवस्था देखी जन्मिएको बच्चा त्याग गरेको अनुभूत गर्न सकिन्छ । यस्तो स्थितिमा यी प्रतिवादीको कलिलो उमेर, अपराध गर्नुपर्नाको सामाजिक परिवेश समेतलाई विचार गर्दा जन्मैदको सजाय गर्दा चर्को पर्ने देखिन्छ । तसर्थ यी प्रतिवादीलाई वर्ष ५ (पाँच) मात्र कैद गर्ने भनी व्यक्त गरेको राय समेत मनासिबै देखिने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल जेठ ५ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-RC-००८९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. बुद्धिराज वि.क.*

मृतकलाई प्रतिवादीले नै कर्तव्य गरी मारेको हो, अन्य कोही कसैको संलग्नता छैन भनी लेखाएको देखिन्छ । यसैगरी सोही व्यहोरालाई समर्थन हुने गरी मृतककी दिदी सरिता वि.क.ले पनि घटना विवरण कागज लेखाई दिएकी छन् । उक्त वारदात आफूले घटाएको भनी अधिकारप्राप्त अधिकारीसमक्ष तथा अदालतमा समेत प्रतिवादी कसूरमा सावित रही बयान गरेको अवस्था छ । त्यस्तै वारदातमा प्रयोग भएको भनिएको दशी रगत लागेको ओदान फेला पर्नु र मृतकको मृत्यु टाउको फुटी Head Injury भएर भएको हो भन्ने लासजाँच प्रतिवेदनमा उल्लेख भएकोले जाहेरी दरखास्त र प्रतिवादीको बयान व्यहोरा पुष्टि हुन आएको छ । यसबाट मृतक झुपलाल वि.क. को मृत्यु यी प्रतिवादी बुद्धिराज वि.क.ले ओदानले टाउकोमा प्रहार गरेको कारणबाट भएकोमा विवाद नदेखिने ।

प्रतिवादी र मृतक आफ्नै दाजुभाई नाताका भएको, मृतकलाई मार्नुपर्ने कुनै कारण वा पूर्व रिसइवी नदेखिएको अवस्थामा यी प्रतिवादीले एक्कासी मृतक दाजुलाई ओदानले हानेको कारण मृत्यु भएको देखिएकाले सर्वश्वसहित जन्मकैद गर्दा चर्को पर्न जाने हुँदा १०(दश) वर्ष मात्र कैद गर्न उपयुक्त हुने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६९ साल जेठ ५ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.श्री कमलनारायण दास,** २०६६ सालको दे.पु.नं. ०५५१, ०५५२, छूट

जग्गा दा.खा. समेत, *भीमबहादुर नकर्मी समेत वि. सरला श्रेष्ठ, अविमन्यू प्रताप राणा वि. सरला श्रेष्ठ*

बिर्ता उन्मूलन ऐन, २०१६ को दफा ७ र ८ हेर्दा आफ्नो बिर्ता जग्गाको विवरण र बुझाउन बाँकी भूमिकर समेत कानूनले तोकेको १२० दिनभित्र मालपोत कार्यालयमा दाखिला गरी दर्ता गराउनु पर्ने र मालपोत कार्यालयले आफूले गर्नुपर्ने काम गर्दा अदालतलाई भए सरह बयान बकपत्र गराउने, लिखत प्रमाण दाखिल गराउन कर लगाउने, साक्षीका नाउँमा समाव्हान जारी गर्ने, सरजमीन बुझी तहकीकात गर्ने समेतको अधिकार प्रयोग गर्न पाउने।

बिर्ता उन्मूलन नियमावली, २०१७ को नियम ३ हेर्दा 'ख' श्रेणीका बिर्तावालाले विवरण दाखिला नगरेमा मोहीका हैसियतले कमाई आएको त्यस्ता बिर्ता जग्गाको विवरण खुलाई तोकिएको म्यादभित्र दाखिल गर्नुपर्ने हुन्छ। त्यस्तै ऐ. नियमावलीको नियम ७ हेर्दा मोहीका तर्फबाट मात्र विवरण दाखिल भएको रहेछ भने पनि मोहीका नाममा रैकर जग्गा दर्ता गर्ने गरी लगत खडा गर्न सक्ने कानूनी व्यवस्था छ। कुनै बिर्ता जग्गा "क" वा "ख" श्रेणीको विवाद भएमा मात्र निर्णयको लागि अदालत जानु पर्ने।

छूट जग्गा दर्ता समितिको मिति २०६४।१।४ को सिफारिश समेतका आधारमा मालपोत ऐन, २०३४ को दफा ७(२) र ८(१) बमोजिम निवेदिका सरला श्रेष्ठका नाउँमा छूट जग्गा दर्ता दाखिल खारेज समेत हुने।

इजलास अधिकृतः विद्याराज पौडेल

कम्प्युटरः सबिना

इति संवत् २०६९ साल बैशाख १८ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.श्री कमलनारायण दास,** २०६९ सालको ०६८-RC-०१०५, कर्तव्य ज्यान तथा चोरी, *नेपाल सरकार वि.सीताराम पन्त*

मृतक सीताराम पन्तले अपशब्द प्रयोग गर्दै पछाडिबाट लात्ताले हानेको गालामा हिर्काएकोमा मृतकले मलाई प्रहार गर्न खोजेकोले ढुङ्गा टिपी प्रहार गरेकोमा संवेदनशील अङ्गमा लागी ढलेपछि पनि पुनः प्रहार गरेको र मऱ्यो भन्ने लागेपछि घिसारी दरौदी नदीमा फालेको हुँ भनी यी प्रतिवादी अधिकारप्राप्त अधिकारीसमक्ष सावित रहेको देखियो भने अदालतमा पनि भाषान्तर भए पनि एक अर्कामा झगडा भएको र मरेको भन्ने लागेपछि घिसारेर दरौदी नदीमा फालेको कुरामा सावित रहेको देखियो। उक्त तथ्यलाई घटनास्थल/लास जाँच मुचुल्का, मौकामा बुझिएका मानिसहरूको भनाई समेतले पुष्टि गरिराखेको देखिन्छ। मीनप्रसाद पन्तको लास फेला परेको बायाँ आँखा तथा दायाँ आँखामाथि काटेको चोट, लिङ्गको फेदमा माथिल्लो भागमा १ ईन्चको फरकमा २ ठाउँमा १ ईन्च, गोलाइको चोट देखिएको, अनुहार फुलेको शरीरको विभिन्न भागमा घाउ चोट देखिएको भन्ने समेत व्यहोराको लास जाँच मुचुल्कालाई टाउकोको चोटको कारण मृत्यु भएको भन्ने पोष्टमार्टम रिपोर्टले पनि समर्थन गरी राखेको देखिँदा प्रतिवादी सीताराम पन्तले मृतक मीनप्रसाद पन्तलाई कर्तव्य गरी मारेको तथ्य पुष्टि भइरहेको हुँदा निज सीताराम पन्तले ज्यानसम्बन्धी महलको १ नं. को कसूर गरेको देखिएकोले निजलाई दावीबमोजिम ज्यानसम्बन्धी महलको १३ को देहाय ३ नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने।

मार्नुपर्ने अग्रीम योजना नभएको, पूर्व रिसइवी केही नभई सामान्य घटनाक्रमबाट मृतकको मृत्यु भएको अवस्था रहेको देखिन्छ। अर्कोतर्फ यी प्रत्यर्थीले अधिकारप्राप्त अधिकारी एवं अदालतमा तथ्यको विवरण समेत प्रस्तुत गरी अदालतलाई न्यायसम्पादनमा सहयोग समेत गरेको हुँदा निजलाई सर्वस्वसहित जन्मकैदको सजाय हुँदा चर्को पर्ने भएकोले दश (१०) वर्ष कैद हुनु मनासिब देखिँदा अ.बं. १८८ नं. बमोजिम प्रतिवादी सीताराम पन्तलाई दश (१०) वर्ष कैद हुने।

इजलास अधिकृतः आत्मदेव जोशी

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६९ साल असार १५ गते रोज ६ शुभम्।

## इजलास नं. ९

१

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** पुनरावेदन नं. ०६६-CR-००१९, अनियमित प्रतियोगिता, *मो. महताव अलाम वि. नेपाल सरकार*

परीक्षा भएको मिति २०६२।०३।०३ मा यी पुनरावेदक प्रतिवादी आफ्नै घरमा बिरामी भई बसेकोले परीक्षा दिन जान नसकेको भने तापनि हराएको प्रवेशपत्र नै अर्का प्रतिवादी हरेन्द्रप्रसाद यादवको फोटो टाँसिएर परीक्षा दिँदाको अवस्थामा बरामद भएको प्रवेशपत्र हो भन्ने कुरामा यी पुनरावेदक प्रतिवादीले बयानमा स्वीकार गरेको देखिन्छ । त्यस्ते अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा समेत आफ्नो प्रवेशपत्रमा आफ्नो फोटो उप्काई हरेन्द्रप्रसाद यादवको फोटो टाँसी परीक्षा दिन पठाएको भनी स्वीकार नै गरेको र सोही मिलानको सहअभियुक्तको बयान समेत देखिन्छ । सो अनियमित किसिमले परीक्षा दिई प्राप्त हुने प्रतिफलको प्रत्यक्ष उपयोगकर्ता यी पुनरावेदक प्रतिवादी नै रहे भएको देखिन्छ । यस्तो अवस्थामा निजसँगको सल्लाह र सहमति बिना हरेन्द्रप्रसाद यादवले परीक्षा दिनुपर्ने वस्तुनिष्ठ आधार र कारण समेत पुनरावेदकले देखाउन सकेको देखिँदैन । कुनै पनि कार्यबाट प्रत्यक्ष रूपमा प्राप्त हुने प्रतिफल प्राप्त हुने उपभोगकर्ताको सल्लाह र मिलेमतोबाट नै त्यस्तो कार्य भएको हो भनी आचरण तथा कामकारोवारको सामान्य क्रम विचार गर्दा समेत प्रमाण ऐन, २०३१, को दफा ७(ग) बमोजिम अनुमान गर्न सक्ने हुँदा पुनरावेदक प्रतिवादीलाई शिक्षा ऐन, २०२८ को दफा १७ को उपदफा (१क) बमोजिम दिन १५ (पन्ध्र) कैद र रू. ५००।- जरीवाना हुने ।

इजलास अधिकृतः चित्रबहादुर गुरुङ

इति संवत् २०६९ साल असोज १ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** पुनरावेदन नं. ०६५-CR-००५२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. भक्तबहादुर भाट*

भवितव्य र आवेशप्रेरित हत्यामा ज्यान लिने मनासाय र इविलाग हुन नहुने समान आधारहरू रहेको देखिन्छ । यी समानताका अतिरिक्त यी दुई प्रकारको हत्याको फरकमा भवितव्य ठहरिनको लागि कुनै पनि आफूले गरेको कार्यबाट लक्षित व्यक्ति मर्ला जस्तो नदेखिने हुनुपर्छ भने आवेश प्रेरित हत्याको लागि तत्कालै उठेको कुनै कुरामा रिस थाम्न नसकी हान्दा वारदात घटेको हुनुपर्दछ । मुख्यतः यही समानता र विभेदको कसीबाट भवितव्य र आवेशप्रेरित हत्या छुट्ट्यउनु पर्ने कुरालाई नेपाल सरकार वि.बसन्तकुमार यादव समेतको कर्तव्य ज्यान मुद्दा (*नेकाप* २०६४ साउन, नि.नं. ७८३४, पृ. ४२६) र नेपाल सरकार वि. नरेशसिँह खड्काको कर्तव्य ज्यान मुद्दा (*नेकाप* २०६४ माघ, नि.नं. ७८९१, पृ. १३५१) मा यस अदालतबाट प्रतिपादित सिद्धान्तले समेत निर्धारित गरेको छ । उपयुक्त कानूनी व्यवस्था र नजीरको सन्दर्भबाट प्रस्तुत मुद्दाको वारदात हेर्दा प्रतिवादी र मृतकबीच सामान्य ज्याला मजदुरीको विषय बाहेक अन्य कुनै रिस इवी रहेको कुनै प्रमाण देखिँदैन । प्रतिवादी स्वयं मृतकको घर बनाउने मजदुरीमा काम गर्ने व्यक्ति रहेको र मृतक स्वयंले रक्सी ल्याई वारदातका दिन मृतककै घर बनाउने कार्य गर्दै बिहानैदेखि दुबैजना सँगै बसेर रक्सी खाई एकआपसमा धकेलाधकेल गरी झगडा गर्दा मृतक महादेव बोहरा सडकको नालीमा लडी टाउको ढुङ्गामा ठोक्किन गई सोही समय मृत्यु भएको भन्ने झगडा गर्दा छुट्ट्याउने दिलबहादुर ठगुना, धर्मबहादुर बलायर, मृतकको पत्नी धौलीदेवी बोहरा समेत चश्मदिद् प्रत्यक्षदर्शीहरूले गरेको बयान कागजले समेत पुष्टि गरी रहेको देखिँदा प्रतिवादीलाई ज्यानसम्बन्धी महलको ५ नं. को कसूरमा ऐ.६(४) नं. बमोजिम २ (दुई) वर्ष कैद र रू. ५००।- जरीवाना हुने ।

इजलास अधिकृतः चित्रबहादुर गुरुङ

इति संवत् २०६९ साल असोज २ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** पुनरावेदन नं. ०६६-CR-०७५१, ०८३०, गैँडा मारी खाग बिक्री, *शिवनारायण महतो वि. नेपाल सरकार, वीरबहादुर प्रजा वि. नेपाल सरकार*

प्रतिवादीमध्ये शिवनारायण महतोले पक्राउ परी अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा उक्त गैँडाको लास प्रकृति मुचुल्कामा उल्लिखित पोथी गैँडाका अतिरिक्त अन्य दुईवटा गैँडा समेत वीरबहादुर प्रजा समेत भई गोली हानी मारेको कुरालाई स्वीकार गरेको

देखिन्छ । सोहीबमोजिमको अभियोग कसूरको साविती बयान मुद्दा हेर्ने अधिकारीसमक्ष समेत गरेको देखिन्छ । त्यस्तै मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित भई बयान गर्ने अर्का यी पुनरावेदक प्रतिवादी वीरबहादुर प्रजाले समेत वि.सं. २०५८ सालको भदौ महिनाको अन्तिमतिर चितवन राष्ट्रिय निकुञ्जको क्षेत्रभित्र गई गैंडा मारेको र खाग बिक्री गरेको हो भनी स्वीकार गरेको देखिन्छ । यी दुबै प्रतिवादीहरूको साविती बयानमा उक्त वारदातमा दुबैजना संलग्न रहेको कुरालाई एक अर्काले पोल गरेको समेत देखिँदा साविती बयान, सहअभियुक्तको बयान र अनुसन्धानको क्रममा तयार भएको मुचुल्काहरूको व्यहोरा एक आपसमा मेल खाएकै देखिएको र प्रतिवादीहरूको कसुरमा साविती वयान प्रमाणलाई अन्यथा भनिरहनु पर्ने कुनै प्रमाण नदेखिँदा यी दुबै प्रतिवादीहरूलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क) र १९(१) को कसूरमा सोही ऐनको दफा २६(१) बमोजिम जनही १५ (पन्ध्र) वर्ष कैद र रू. १,००,०००।- (एकलाख) जरीवाना हुने ।

इजलास अधिकृतः चित्रबहादुर गुरुङ

इति संवत् २०६९ साल असोज १ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** पुनरावेदन नं. ०६६-CR-०८१३, भ्रष्टाचार, *नेपाल सरकार वि. बलराम शर्मा*

भ्रष्टाचार निवारण ऐन, २०१७ खारेज भइसकेपछि र भ्रष्टाचार निवारण ऐन, २०५९ आई सकेपछि भ्रष्टाचार निवारण ऐन, २०५९ अनुरूप भएको कसूरमा सो अघिको खारेज भइसकेको भ्रष्टाचार निवारण ऐन, २०१७ ले व्यवस्थित गरेको हदम्याद आकृष्ट हुने देखिएन । भ्रष्टाचार निवारण ऐन, २०५९ ले हदम्यादको बारेमा कुनै व्यवस्था नगरकोले सो ऐनअन्तर्गतको कसूरमा जहिलेसुकै पनि नालेस लाग्न सक्ने मान्नुपर्ने हुन आउँछ । प्रस्तुत मुद्दामा कसूरको वारदात मिति २०६० साल कायम भइसकेपछि कसूर वारदात भएको समयमा खारेज भएको भ्रष्टाचार निवारण ऐन, २०१७ लागू हुने नभै भ्रष्टाचार निवारण ऐन, २०५९ लागू हुने देखिन आएकोले विशेष अदालतले शैक्षिक प्रमाणपत्रमा उल्लिखित १९८६ ईस्वी संवत्‌लाई कसूर गरेको मिति कायम गरी कसूर गर्दाका बखत लागू रहेका भ्रष्टाचार निवारण ऐन, २०१७ को विद्यमानता देखाई सोही ऐनबमोजिमको हदम्यादको कानूनी आधारबाट मुद्दा खारेज गर्ने गरेको नदेखिँदा बदर गरी दिएको छ । अब, जो जे बुझ्नुपर्ने हो बुझी पुनः फैसला गर्नु भनी तारिखमा रहेका प्रतिवादीलाई विशेष अदालतमा हाजिर हुन जानु भनी तारिख तोकी यो फैसलाको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालयमार्फत् अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई दिने ।

इजलास अधिकृतः चित्रबहादुर गुरुङ

इति संवत् २०६९ साल असोज २ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** पुनरावेदन नं. ०६८-CR-०९९०, कर्तव्य ज्यान, *भीमसेन आचार्य वि. नेपाल सरकार*

प्रतिवादी र मृतक पति पत्नी रहेको, प्रतिवादी मानसिक रोगी समेत देखिएको र प्रतिवादी र मृतकबीच पूर्व रिसइवी नरहेको, ज्यान लिने कुनै पूर्व योजना र तयारी भएको नदेखिएको, निजको कुनै आपराधिक रेकर्ड पनि नरहेको, फगत पति पत्नीबीच घर सल्लाह र सामान्य विवाद हुँदा पत्नीले समेत हिर्काएको र त्यसको प्रतिवाद गर्ने क्रममा पत्नीलाई प्रहार गरी घाइते बनाएको देखिन्छ । प्रहार छाड्ने कार्य पटक-पटक त्यस बखत दोहोरिएको तथ्य मृतकको शरीरमा लागेको चोटबाट अलि गम्भीर देखिन्छ । तथापि प्रतिवादी मानसिक रोगी भएको पनि देखिएको छ । घाइते उपचारको अवस्थामा मृतकको बयान समेत अनुसन्धानको क्रममा हुन नसकेको र उपचार गर्दागर्दै मृत्यु भएको देखिन्छ । प्रतिवादीले आफ्नो श्रीमतीलाई मार्नुपर्नेसम्मको कारण समेत मिसिलबाट नदेखिँदा प्रतिवादी भीमसेन आचार्यलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने ठहऱ्याई उक्त सजाय चर्को पर्ने देखिँदा अ.बं. १८८ नं. बमोजिम ५ (पाँच) वर्ष कैद हुने ।

इजलास अधिकृतः चित्रबहादुर गुरुङ

इति संवत् २०६९ साल असोज १ गते रोज २ शुभम् ।

## एकल इजलास

**मा.न्या.श्री ताहिर अली अन्सारी,** ०६९-WO-०३२७, उत्प्रेषण परमादेश, *प्रदिम्न कायस्थ वि. हिरादेवी महर्जन समेत*

मिति २०६९।४।२२ मा काठमाडौं महानगरपालिकाबाट भएको प्रक्रियागत आदेशबाट आवश्यक जाँचबुझ भई पर्खालको नक्सा पास गर्ने वा नगर्ने भन्ने काठमाडौं महानगरपालिकाबाट निर्णय हुन बाँकी नै रहेको छ। यस्तो अवस्थामा आफ्नो स्थापित कानूनी हकको संरक्षण गर्नुभन्दा नक्सा पास प्रक्रियालाई लम्ब्याउने नियतले मात्र प्रस्तुत रिट निवेदन दायर हुन आएको छ। यस्तो प्रवृत्तिलाई बढावा दिनु राम्रो कुरा नभएकोले यसमा विपक्षीहरूका नाउँमा कारण देखाउ आदेश जारी गरी कारवाही अगाडि बढाइरहनु पर्ने औचित्य नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इति संवत् २०६९ साल असोज ३ गते रोज ४ शुभम्।

## रीत/बेरीत आदेश

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** प्रतिवेदन नं. ०६९-RE-००१६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. ओमप्रकाश पौडेल*

प्रतिवादी ओमप्रकाश पौडेलले आरोपित कसूरमा इन्कार रही बयान गरेको देखिए पनि वारदात भएको दिनभरि निज कृष्णप्रसाद पौडेल र मृतक टंकप्रसाद पौडेल एउटै मोटरसाइकलमा बसी घुमेको, मादक पदार्थ सेवन गरेको भन्ने तथ्यलाई स्वीकारै गरेको देखिन्छ। दिनभरि सँगै घुम्ने भनिएका प्रतिवादी कृष्णप्रसाद पौडेल तथा कुटपीटको वारदातस्थलमा संलग्न रहेका भनिएका प्रतिवादीहरू टोपबहादुर शाह र योगेन्द्र शाहको बयानबाट पनि सो कुरा समर्थित नै भएको पाइन्छ। मर्नुभन्दा तत्काल अघि मिति २०६८।७।३० को दिन जिल्ला प्रहरी कार्यालय कैलालीका प्रहरी निरीक्षक धनबहादुर कठायतसमक्ष मृतक टंकप्रसाद पौडेलले गरेको कागजमा प्रतिवादी ओमप्रकाश पौडेल समेतले निजलाई कुटपीट गरेको तथा भाग्न खोज्दा समेत नछोडेको भन्ने व्यहोरा लेखाई दिएको र सो कुरा अभियोगपत्र साथ दसीको रूपमा पेश भई यस अदालतको आदेशबमोजिम झिकाइएको भिजिबल सी.डी. समेतका प्रमाणबाट पुष्टि भएको छ। मृतकलाई घटनास्थलबाट तत्काल उद्धार गरी लैजाने भनिएका बुझिएका हिरालाल पौडेल तथा घटनाको लगत्तै मृतकको घरमा पुग्ने भगिरथी घिमिरेले मौकामा गरेको कागजमा प्रतिवादी ओमप्रकाश पौडेल समेतले मृतकलाई कुटपीट गरेको भनी मृतकले आफूहरूलाई भनेको भन्ने समेत व्यहोरा लेखाएको देखिन्छ। त्यस्तै घटनाको प्रत्यक्षदर्शी भनिएकी धनसरा साउदले मौकामा गरेको कागजमा प्रतिवादी ओमप्रकाश पौडेल समेतले मृतकलाई कुटपीट गरेको मैले आफ्नै आँखाले देखेको हुँ भनी लेखाएको देखिन आउँछ।

अनुसन्धानको क्रममा संकलित उपरोक्त सबूद प्रमाणका सम्बन्धमा अदालतबाट पछि थप परीक्षण हुनसक्ने भए पनि तत्कालप्राप्त प्रमाणको रूपमा मिसिल संलग्न रहेको ती प्रमाणहरूलाई अन्यथा प्रमाणित नभएसम्म प्रमाण ऐन, २०३१ को दफा १८(ख) बमोजिम थुनछेक प्रयोजनको लागि प्रमाणमा लिनु पर्ने नै हुन्छ। शुरू कैलाली जिल्ला अदालतबाट उपरोक्त तत्कालप्राप्त सबूद प्रमाणको विवेचना गरी प्रतिवादी ओमप्रकाश पौडेल कसूरदार देखिन आएको भनी मुलुकी ऐन, अ.बं. ११८ को देहाय २ नं. बमोजिम पुर्पक्षका लागि थुनामा राख्ने गरी गरेको आदेश रीतपूर्वक नै देखिएकोमा तत्कालप्राप्त प्रमाण, थुनछेकसम्बन्धी कानूनी व्यवस्था र न्यायिक परिपाटीतर्फ सामान्य विचार समेत नगरी शुरू आदेशलाई बदर गरी प्रतिवादीबाट रू. २,००,०००।- धरौट वा जेथा जमानत माग्ने पुनरावेदन अदालत, दिपायलको मिति २०६८।११।४ को आदेश त्रुटिपूर्ण भई बेरीतको देखिएकोले बदर गरिदिएको छ। शुरू कैलाली जिल्ला अदालतको आदेशबमोजिम नै प्रतिवादीलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु।

इति संवत् २०६९ साल असोज १२ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६९ RE-००४८, ००४९, डाँका र ज्यान मार्ने उद्योग, *सुदाम चन्द्रवंशी वि. नेपाल सरकार*

यसमा भुवनचन्द्र राजवंशीको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी सुदाम राजवंशी समेत भई चलेको डाँका र ज्यान मार्ने उद्योग मुद्दामा सुनसरी

जिल्ला अदालतको मिति २०६२।९।१ को आदेशले प्रतिवादीहरू सुदाम राजवंशी र अशोक चन्द्रवंशीबाट प्रतिव्यक्ति रू. १५,०००।- धरौट वा सो बराबर जेथा जमानत माग भएअनुसार उक्त दुबै जनाको हकमा निवेदक भगवतलाल चौधरीले आफ्नो नाउँको कित्ता नं. ४०३, ३६३ र कित्ता नं. ४०६ को जेथा जमानी राखिदिएको देखिन्छ ।

सुनसरी जिल्ला अदालतबाट सफाइ पाए पनि पुनरावेदन अदालत, बिराटनगरबाट कसूरदार ठहरेका उपरोक्त दुबैजना प्रतिवादीहरूलाई पुनरावेदन अदालत, विराटनगरको मिति २०६५।९।८ को फैसलाअनुसार लागेको कैद र जरीवानाबापत प्रतिवादी सुदाम राजवंशीको नाउँमा दर्ता रहेको कित्ता नं. ३३०, ३३१ र त्यसमा भएका घरहरू समेतको रू. ५,२९,७७६।- मूल्याङ्कन भई आएअनुसार यस अदालतबाट माग भएको जम्मा धरौट रकम रू. ३,५९,१००।- बापत अ.बं. १२४(क) नं. समेतको रीत पुऱ्याई मिति २०६७।३।१७ मा जेथा जमानी स्वीकार गरिसकिएको देखिन्छ ।

यस्तो अवस्थामा शुरूमा धरौटबापत भागवतलाल चौधरीको नाउँको जग्गा जेथा जमानीमा राखिए पनि फुकुवा गर्न मागबमोजिम फुकुवा गरिदिनु पर्नेमा नगरेको यस अदालतका रजिष्ट्रारबाट भएका मिति २०६९।४।३ का दुबै आदेशहरू बेरीतको देखिँदा बदर गरिदिएको छ । निवेदक भागवतलाल चौधरीले शुरूमा जेथा जमानी राखेका जग्गाहरू फुकुवा गरी अरू कानूनबमोजिम गर्नु । इति संवत् २०६९ साल असोज ५ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा,** २०६९-RE-००५१, बहुविवाह, *सृष्टिना जोशी वि. नेपाल सरकार*

यी निवेदक प्रतिवादी सृष्टिना जोशीलाई अभियोग दावीबाट सफाइ दिने गरी शुरू काठमाडौं जिल्ला अदालतबाट फैसला भएकोमा पुनरावेदन अदालत पाटनबाट सो फैसला केही उल्टी भई निजलाई मुलुकी ऐन, विवाहवारीको महलको १० नं. बमोजिम एक वर्ष ३ महिना कैद र रू. १०,०००।- जरीवाना हुने ठहऱ्याई भएको फैसलाउपर निजको प्रस्तुत पुनरावेदन परेको देखियो ।

न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) (ग) मा २०६७ सालमा भएको संशोधनबाट "तीन वर्ष वा सो भन्दा बढी कैदको सजाय र पच्चीस हजार रूपैयाँ वा सो भन्दा बढी जरीवाना, पचास हजार रूपैयाँ वा सो भन्दा बढी बिगो भएको वा बिगो नखुलेको मुद्दामा शुरू अदालत, निकाय वा अधिकारीले गरेको निर्णयउपर पुनरावेदन अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा केही वा पूरै उल्टी भएको मुद्दा" मा मात्र सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गरेको देखिन्छ । उल्लिखित कानूनी व्यवस्थालाई हेर्दा शुरू जिल्ला अदालतबाट ३ वर्ष वा सो भन्दा बढी कैद र २५,०००।- वा सो भन्दा बढी जरीवाना भएको मुद्दामा पुनरावेदन अदालतबाट निर्णय गर्दा केही वा पूरै उल्टी भएको मुद्दामा यस अदालतमा पुनरावेदन लाग्ने भन्ने प्रष्ट देखिए पनि शुरू तहको अदालतबाट सफाइ पाएको व्यक्तिको हकमा शुरू फैसला उल्टी वा केही उल्टी भई पुनरावेदन अदालतबाट कैद र जरीवाना हुने ठहरी फैसला भएको अवस्थामा यस अदालतमा पुनरावेदन लाग्न सक्ने हो होइन भन्ने सम्बन्धमा उल्लिखित ऐनमा स्पष्ट उल्लेख नभई सोको व्याख्या हुनुपर्ने प्रश्न प्रस्तुत विवादमा समावेश भएको देखिएको र यी निवेदकले आफूलाई शुरू अदालतबाट सफाइ भएकोमा पुनरावेदन अदालतको फैसलाबाट लागेको सजायउपर एक तह पनि पुनरावेदन गर्न नपाएको भनी न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) मा उल्लिखित उक्त कानूनी व्यवस्थाको प्रश्न उठाई पर्न आएको प्रस्तुत पुनरावेदन पत्र केवल निवेदकले सो विषयमा दोहोऱ्याई पाऊँ भन्ने निवेदन दिएको भन्ने आधारमा दर्ता नगरी दरपीठ गर्ने गरेको मिति २०६९।५।१२ को यस अदालतका सहरजिष्ट्रारको आदेश मिलेको नदेखिँदा बदर गरीदिएको छ । अब निवेदकको पुनरावेदन दर्ता गरी नियमबमोजिम पेश गर्नु ।

इति संवत् २०६९ साल असोज १९ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६९-AP-००४३, उत्प्रेषणयुक्त परमादेश, *बालकुमार घिमिरे वि. काठमाडौं जिल्ला अदालत समेत*

सीता महतको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी यी निवेदक बालकुमार घिमिरे समेत भएको ठगी मुद्दामा शुरू जिल्ला अदालतबाट मिति २०५९।११।२९ मा तामेल भएको समाह्वान बेपत्ते भएको र त्यसपछिका अरू अदालतहरूबाट जारी भएको अन्य म्याद पनि बेपत्ते तामेल भएको देखिन्छ । उक्त सबै म्यादमा यी निवेदकको ठेगाना काठमाडौं

महानगरपालिका वडा नं. ३४ भनी उल्लेख भएको तर सो ठेगाना निजको स्थायी वा अस्थायी के हो, सो नखुलेको र सो ठेगाना मेरो वास्तविक ठेगाना होइन भन्ने निवेदकको जिकीर रहेको भन्ने समेत देखिँदा निजका नाममा पहिला तामेल भएको म्यादमा उल्लेख भएको ठेगानाको आधार नखुल्नुको साथै सो तामेली कानूनबमोजिम छ वा छैन भन्ने प्रश्नको निरोपण न्यायिक निर्णयबाट हुनुपर्ने देखिन्छ ।

यस्तो अवस्थामा संवैधानिक हक अधिकारको कुरा समावेश गरी दायर गर्न ल्याएको रिट निवेदन दर्ता गर्नुपर्नेमा दर्ता नगरी दरपीठ गरेको यस अदालतका रजिष्ट्रारबाट मिति २०६९।४।२४ मा भएको आदेश बेरीतको देखिँदा बदर हुने ।

इति संवत् २०६९ साल असोज ११ गते रोज ५ शुभम् ।

५

**मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६८-RE-०३७३, वैदेशिक रोजगार, *धीरेन्द्र पुन वि. नेपाल सरकार*

यस अदालतको आदेशबमोजिम पेश हुन आएको प्रतिवेदन तथा निवेदनसाथ पेश भएका कागजातहरूको अध्ययन गर्दा शुरू काठमाडौं जिल्ला अदालतबाट फैसला हुँदा यी प्रतिवादीलाई १ वर्ष ६ महिना कैद र रू. ५०,०००।- जरीवाना हुने ठहरेकोमा पुनरावेदन अदालत पाटनबाट ३ वर्ष कैद र रू. १००,०००।- जरीवाना हुने ठहरी फैसला भएको देखिन आयो । सो फैसलाउपर मुद्दाको कारवाही अगाडि बढाउन अ.बं. १९४ नं. बमोजिम सुविधा पाऊँ भनी परेको निवेदनका सम्बन्धमा विचार गर्दा यी प्रतिवादी शुरू अदालतमा मुद्दाको पुर्पक्षका सिलसिलामा अ.बं. ११८ (२) नं. बमोजिम थुनामा रहेको र पुनरावेदन अदालतबाट फैसला हुँदा यी प्रतिवादीलाई रू. १००,०००।- जरीवाना र ३ वर्ष कैदको सजाय हुने ठहरेको सन्दर्भमा मुलुकी ऐन, अ.बं. १९४(२) अनुसार निवेदन मागबमोजिमको सुविधा प्रदान गर्न नमिल्ने भनी यस अदालतका सह-रजिष्ट्रारको मिति २०६९।०३।२२ को आदेश मिलेकै देखिँदा अन्यथा गरी रहनु नपर्ने ।

इति संवत् २०६९ साल असोज ५ रोज ६ शुभम् ।

६

**मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-RE-००४२, मूल्य अभिवृद्धि कर, *कृष्णबहादुर बस्नेत वि. सुधिरमान प्रधानाङ्ग*

राजश्व न्यायाधिकरणको जुन फैसलाउपर पुनरावेदनको अनुमति पाऊँ भनी निवेदन परेको छ, उक्त मुद्दामा निवेदक आन्तरिक राजश्व विभाग, अनुसन्धान शाखा प्रत्यर्थी भई पक्ष कायम भएको देखिएको अवस्थामा मुद्दाको एक पक्ष यी निवेदक आन्तरिक राजश्व विभाग, अनुसन्धान तथा विकास शाखाको तर्फबाट पुनरावेदनको अनुमति पाऊँ भनी परेको निवेदन दरपीठ गर्ने यस अदालतका सह-रजिष्ट्रारबाट भएको मिति २०६९।३।१८ को आदेश मिलेको नदेखिँदा बदर हुने ।

इति संवत् २०६९ साल असोज ५ गते रोज ६ शुभम् ।

## अन्तरिम आदेश

**मा.न्या.श्री भरतराज उप्रेती,** ०६९-WS-००१४, उत्प्रेषण, *कमलप्रसाद अधिकारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

बीमा व्यवसायलाई नियमन तथा व्यवस्थित गर्न नियमनकारी निकायको रूपमा बीमा ऐन, २०४९ अनुसार गठित बीमा समितिले वीमितको रूपमा रहेका सर्वसाधारण जनताको हित रक्षाको लागि बीमा व्यवसायलाई बढी व्यवस्थित, पारदर्शी तथा सुशासनको दायरामा राख्ने उद्देश्यले बीमा ऐन, २०४९ को दफा ८(घ२) को अख्तियार प्रयोग गरी निर्देशिका जारी गरेको कार्यले निवेदकलाई कसरी अपूरणीय क्षति पुगेको वा पुग्न सक्ने अवस्था छ भन्ने कुराको विश्वसनीय आधार र प्रमाण प्रस्तुत गर्न सकेको नदेखिँदा उल्लिखित निर्देशिकाको कार्यान्वयन तत्काल नरोकेको अवस्थामा निवेदकलाई अपूरणीय क्षति हुने भन्ने सम्बन्धमा कुनै आधार र प्रमाण समेत प्रस्तुत नभएको अवस्थामा निवेदकको मागबमोजिम अन्तरिम आदेश जारी गर्नु नपर्ने ।

इजलास अधिकृतः आत्मदेव जोशी

इति संवत् २०६९ साल भदौ १८ गते रोज २ शुभम् ।